नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६५ यःमरिपुन्ही- मंसिर पूर्णिमा वर्ष ३६ अंक ८
बु.सं. २५५२ ने.सं. ११२९ थिंलाथ्व/थिंलागा

The Ananda Bhoomi (Year 36, Vol. 8)
A Buddhist Monthly :Dec/Jan 2008

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापकहरू:*
भिक्षु अस्सजि, भिक्षु पियदस्सी
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
मिलन
जुजुभाई तुलाधर (कालोपुल), संघरत्न शाक्य (फसिकेब)

*आवरण सज्जा:*
फल समान शाक्य, उकुबहाल (यतालिवि)

*वितरक*
अरुण, उर्मिला

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*सम्पादन सहयोगी:*
जनक, विश्व शान्ति विहार

*सम्पादक/ प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु मैत्री महास्थविर (लुम्बिनी), भिक्षु बोधिज्ञान, भिक्षु पदुम, भिक्षु मिलिन्दो, हरिगोपाल महर्जन, अ. इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी बज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेणी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य(पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्ग), विजय गुरुङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ)।

*मुद्रण:*
**सुप्रवाह प्रकाशन प्रा. लि.** ४२८०६१४, ४२७३९८३

*प्रकाशक:*
आनन्दकुटी विहार गुठी
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



"न मे वनस्मिं करणीयमत्थि,
उच्छिन्नमूलं मे वनं विसूकं ।
स्वाहं वने निब्बनथो विसल्लो,
एको रमे अरतिब्ब विप्पहाया ति ॥"

"यो जङ्गलमा मेरो केही पनि काम छैन, वन जङ्गललाई मैले निर्मूल (सखाप) पारिसकें, म झारपात र काँढा नभएको वनमा छु । राग, द्वेषलाई पन्छ्याई एक्लै वैराग्य सुखरुपी वनमा मन लगाई **बसेको** छु ।"

**- बुद्धकालीन ब्राम्हण संग्रह - १**

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू १५०/- एकप्रति रू १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं

गताङ्कमा प्रकाशित

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel . 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख–२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फाय्क्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | – | ३ |
| २. | भिक्षु आनन्द | – भिक्षु पञ्ञामूर्ति | ४ |
| ३. | जीव विकासको क्रममा ज्ञान र विज्ञान | – डा. गणेश माली | ८ |
| ४. | सुखी हुने चार सुत्र | – भिक्षु पिदस्सी | १० |
| ६. | विश्वधर्मता | – भिक्षु धर्ममूर्ति | १३ |
| ७. | म अड्किन्छु जालमै | – कविन्दो श्रामणेर | १४ |
| ८. | ठपनिय प्रश्न | – भिक्षु सरणंकर | १५ |
| ९. | समाज देश विकासको लागि बौद्ध शिक्षा | – शिशिल चित्रकार | १६ |
| १०. | अमूल्य जीवनको लक्ष्य | – सुशीला शक्य | १७ |
| ११. | ज्ञानमालाया मू | – भिक्षु ज्ञानपूर्णिक महास्थविर | १९ |
| १२. | न्हुगु वसन्तया स्वाँ | – अमन खड्गी, यल | २० |
| १३. | बाल संसार | – भिक्षु उत्तम | २१ |
| १४. | World Hreitage Lumbini 3 | – Bhikkhu Vivekananda | २३ |
| १५. | A Meaningful Summit | – Harischandra Lal Singh | २५ |
| १६. | बौद्ध गतिविधि | – | २७ |

# सम्पादकीय



# भिक्षु आनन्द

लेखक :- गणेगम सरणंकर महानायक महास्थविर



■ भिक्षु पञ्ञामूर्ति
अनुवादक

५. उदेन राजाका अन्त:पुरका स्त्रीहरूले पनि भिक्षु आनन्दलाई धर्मदेशनाको निम्ति माग्छे ।

त्यस वचन सुनी महाराजा उदेनले बुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "भो शास्ता ! पाँचसय भिक्षुसंघसहित सँधै राजदरबारमा पाल्नुहोस् । श्यामावतीसहित पाँचसय महिलाहरू धर्मदेशना (प्रवचन) श्रवण गर्ने इच्छा प्रकट गर्दैछे" भनी जानकारी गराउनुभयो । त्यस समयमा तथागत गौतमबुद्धले "महाराज ! सर्वज्ञहरू त सारा प्राणीप्रति अनुकम्पा राख्ने हुन् । महाजनहरूले पनि सर्वज्ञहरूको दर्शन नै प्रार्थना गर्छन् । त्यसो भएको हुनाले एक ठाउँमा मात्र सँधै गयो भने अन्य बहुजनहरूले कसरी पुण्य सञ्चय गर्छन् त ?" भनी आज्ञा हुनुभयो । उक्त बुद्धवचन सुनी राजाले त्यसो भए "भो शास्ता ! श्यामावतीसहित पाँचसय महिलाहरूलाई प्रवचन गरीदिनुहुन कुनै एकजना भिक्षुलाई नियुक्त गरिदिनुभए बेश हुन्थ्यो" भनी अनुरोध गर्नुभयो । तथागत गौतमबुद्धले त्यस अनुरोधलाई सुन्नुभई भिक्षु आनन्दलाई डाक्नुभयो । "आनन्द ! आजदेखि तिमी उदेन महाराजाको अन्त:पुरमा धर्मदेशना गर्न जानु" भनी भिक्षु आनन्दलाई आज्ञा हुनुभयो । भिक्षु आनन्द पनि पाँचसय जना भिक्षुसंघसहित राजदरवारमा (राजगृहमा) जानुभई सँधै धर्मदेशना गर्नुहुन्थ्यो । ती स्त्रीहरू पाँचसय जना निरन्तर भिक्षु आनन्दबाट धर्मदेशना सुन्ने गर्दथ्यो । एकदिन भिक्षु आनन्दको धर्मदेशना सुनी प्रसन्न भई ती पाँचसयजना (रानी) महिषीहरूले पाँचसय वटा कसीसल (पस्मिना) ले पूजा गरिन् ।

(सद्धर्मरत्नावलि-जयतिलक संस्करण पेज नं. ३२८- ३२९)

६. भिक्षु आनन्द अन्त:पुरका राज महिषीहरूलाई धर्मदेशना गर्नुहुन्छ ।

एकदिन कोसल राजाका पाँचसय जना रानीहरू दिनका दिन विहारमा गई धर्मश्रवण गर्न नसकी राजाकहाँ गई "महाराज ! तपाई दिनको तीनचोटी बुद्धकहाँ जानुभई धर्मश्रवण गर्नुहुन्छ । यस नगरका विशाखा आदि अन्य स्त्रीहरू पनि रुचि अनुसार विहारमा गई धर्मश्रवण गरी धेरै कुशल पुण्य सञ्चय गरी लिनुहुन्छ । यहाँ हामीहरू चाहिँ तपाईंको अन्त:पुरमा जड् भई, रुचिअनुसार गएर धर्मश्रवण गरी पुण्य सञ्चय गर्न असमर्थ छौं । यस नवौं बुद्धोत्पाद समयमा जन्मी असंख्य कल्पसमयमा "बुद्ध" भन्ने नाम मात्र सुनेर थाम्न नसक्ने भएका छौं । लोकोत्तर तथागत गौतमबुद्ध गरीबहरूको घरमा दृश्यमान हुँदै गएका कल्पवृक्ष जस्तै, यस नगर सद्धर्मश्रीले सुशोभित भई लोकार्थ हुँदा पनि हामी अहिले समुन्द्रको बीचमा बसेर प्यासले ( तीर्खाले) दु:खित भएकाहरू जस्तै, आकाशमा उडेर पनि स्वतन्त्र हुन नसकेका गिद्ध जस्तै, पृथ्वीमा बसेर पनि कसैको सहारा नपाएका जस्तै, धेरै अकुशल पाप कर्म भएका हौं । पञ्जरामा कैद भएका पंक्षी जस्तै, कतै पनि भ्रमण गर्न नपाई कुशल मार्ग नपाई अत्यन्त दु:खित भएका छौं ।

तथागत गौतमबुद्धको सुमधुर स्वरमा देशित धर्मश्रवण गर्न नसक्ने भएको हुनाले कान नभएकाहरू जस्तै हौं । त्रिरत्नमध्ये दिनको एकरत्न पनि देख्न नपाएको हुनाले आँखा नभएका अन्धा जस्तै हौं । बुद्धगुण अध्ययन गरी सिकेर लिन नसक्ने भएको हुनाले जीवन नभएका जस्तै हौं । सद्धर्मप्रीतिले मार्गफल प्राप्त गर्न नसक्ने भएको हुनाले मन नभएका जस्तै हौं । शास्ताकहाँ हिँडेर गई धर्मश्रवण गर्न नसक्ने भएको हुनाले खुट्टा नभएका अपाङ्गहरू जस्तै हौं । प्रतिदिन दर्शन गरी वन्दना पनि गर्न नसक्ने भएको हुनाले पञ्चस्कन्धज्ञ नभएकाहरू जस्तै हौं । धर्मश्रवण गरी सोचे वस्तुपूजा गर्न नसक्ने भएको हुनाले धनसम्पत्ति भए तापनि निर्धन जस्तै भएका हौं । त्यसो भएको हुनाले तपाईंले यत्तिका श्रीसम्पत्ति दिनुभई, जतिसुकै ऐश, आराम, श्रीसम्पत्ति भए तापनि पुण्य सञ्चय गरी लिन नसक्ने भएको हुनाले हामीले भोगेका दु:ख नरकको दु:खभन्दा कम छैन भनी सोच्दछौं । स्वामी ! तपाईमा हामीहरूप्रति

विशेष दयामाया छ भने प्रत्येक दिन विहारमा जाने बेला हामीलाई पनि साथ लगी धर्मश्रवण गराउनुहोस् । त्यसरी पनि सहमत हुनुहुन्न भने प्रत्येक दिन हामीलाई पनि धर्मश्रवण गरी आउन आज्ञा होस्" भनी अनुनय विनय गरिन् ।

.त्यस कुरा सुनी राजाले "स्त्रीहरूसँग सँधै विहारमा जान सुहाउँदैन, तिनीहरू सबैलाई धर्मश्रवण गर्ने व्यवस्था गरिदिन्छु" भनी रानीहरूलाई सान्त्वना दिनुभई त्यस नगरभरि दक्ष रूपमा धर्मदेशना गर्नसक्नेको परीक्षा गरी "धर्मिष्ठ भएका, अनागामी मार्गफल प्राप्त गरेका छत्तपाणी भन्ने उपासक अत्यन्त कुशल, चतुर छ" भनी एकदिन उद्यानमा तथागत गौतमबुद्धबाट सुनेर ज्ञात भएका राजाले "छत्तपाणीलाई" राजदरवारमा डाकी तथागत गौतमबुद्धले तिम्रो धेरै गुण मलाई सुनाउनुभएको छ । एकदिन तिमी "धर्मिष्ठ" भनी भन्नुभएको थियो । "धर्मकथिक" भनेर पनि भन्नुभएथ्यो । "आर्य पुद्गल" (आर्य व्यक्ति) भनेर पनि भन्नुभएथ्यो । आजदेखि मेरो अन्त:पुरमा तिमीले नै धर्मदेशना गर्नू भनी भन्नुभयो । छत्तपाणीले त्यस कुरा सुनेर प्रतिउत्तर दिँदै "स्वामी ! राजाको अन्त:पुरमा धर्मदेशना गर्नुचाहिं हामी जस्ता सेतो कपडा लाउने गृस्थीहरूको निमित्त उचित छैन । तपस्वी वीरहरूलाई नै योग्य छ । स्त्रीहरू चाहिं गृस्थीहरूप्रति प्रेम गर्दैनन् । शीलवानहरूप्रति डराउँछे । त्यसकारण तथागत गौतमबुद्धबाट एकजना महास्थविरलाई मागी प्रत्येक दिन अन्त:पुरमा धर्मदेशना गर्ने व्यवस्था मिलाउनुभए बेश हुनेछ । त्यसो भएमा धर्मश्रवण गर्नेहरूलाई पनि, धर्मदेशना गर्नेलाई पनि कार्यसिद्ध हुनेछ र शीलमा प्रतिष्ठित व्यक्तिबाट धर्मश्रवण गरेको फल (आनिशंस) पनि महत्फल छ" भनी राजालाई राजी गराउनुभई आफूचाहिं छलेर राजदरबारबाट निस्कनुभयो ।



त्यस समयमा राजाले कारण बुझी पाँचसय रानीहरूलाई डाकी "तिमीहरू सबैलाई धर्मदेशना गराउनको लागि, महास्थविर एकजना माग्नको लागि तथागत गौतमबुद्धकहाँ जाँदैछु । कुन महास्थविरबाट धर्मश्रवण गर्न रुचाउछौ" भनी प्रश्न गर्नुभयो । आनन्द महास्थविर चाहिं बुद्ध शासनमा अत्यन्त भाग्य भएको हुनुहुन्छ । सारा स्त्री तथा पुरुषहरू वहाँप्रति प्रेम गर्दारहेछन् र मधुर स्वरले युक्त हुनुहुँदारहेछ । त्यसकारण स्त्रीजाति चाहिं शब्दमा लोभी भएको हुँदा अन्य कुरा नगरी "त्यसो भए हाम्रा आयुष्मान् आनन्द महास्थविरबाट नै धर्मश्रवण गर्न इच्छुक छौं" भनी भन्यो ।

(पूजावलि असदृश महादान कथा, पेज ४२१-४२२)

७. अन्त:पुरका महिलाहरूले भिक्षु आनन्दको जस्तै अनुहार भएका छोराहरू पाउँछिन् ।

त्यसै समयमा महाराजा जेतवनाराममा गई तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "भो शास्ता ! मेरा अन्त:पुर वासी महिलाहरू भिक्षु आनन्दबाट नै धर्मोपदेश श्रवण गर्न चाहन्छिन् । वहाँले अन्त:पुरमा धर्मोपदेश गर्ने गरी आज्ञा हुनुहोस्" भनी निवेदन गर्नुभयो । तथागत गौतमबुद्धले राजा कुनै चीजमा विरक्त हुने देख्नुभई "राजन ! तपाईं त गोलो थाल जस्तै, नालमा डुबाएको किला जस्तै इच्छित अनुसार पत्याउन वा लत्याउन सकिन्छ । भिक्षु आनन्द त श्रोतापन्न हुनुहुन्छ । त्यसबारे ज्ञात भई ऊप्रति परीक्षासहित हुनु । भिक्षु आनन्द तपाईंको अन्त:पुरमा धर्मोपदेश गर्न लायकको छ । तपाईं नै स्मृतिवान् हुनु" भनी राजालाई बस्न लगाई आयुष्यमान् आनन्दलाई डाक्नुहुँदै "आनन्द ! यस कोसल राजाको अन्त:पुरमा प्रत्येक दिन गई धर्मोपदेश गर्न जानु" भनी आज्ञा हुनुभयो । त्यस समयदेखि आनन्द महास्थविर प्रत्येक दिन पाँचसय रानीहरूलाई धर्मोपदेश गर्नुभई धेरै पुण्य सञ्चय गराउनुभयो । यसरी केही समय धर्मोपदेश गर्ने बेलामा ती पाँचसय रानीहरू वहाँको सुमधुर स्वरमा हस्तिकान्त वीणामा लिप्त भएका हात्तीहरू जस्तै, चित्रलता भन्ने जङ्गलमा लोभिएकी दिव्याङ्गनाहरू जस्तै, सद्धर्मप्रीतिको शब्दानुरागले गर्दा वहाँ (भिक्षु आनन्द) को जस्तै हातखुट्टा भएका एकसे एक समान भएका स्वर्णवर्ण पाँचसय जना छोराहरू

जन्माइन् ।

शब्दले गर्दा पनि गर्भवती हुन्छिन् र ? महिलाहरूले बच्चा प्रसूत गर्ने कारणहरू नौवटा (९) छन् । त्यो कसरी भने ? स्त्री-पुरुषहरूको अन्योन्य सम्पर्क वा लोकास्वादरतिले गर्दा गर्भवती हुन्छे । पुरुष शरीरको स्पर्शले गर्दा पनि गर्भवती हुन्छे । पुरुषको औंलाले महिलाको नाइटोमा स्पर्श गरेको स्पर्शानुरागले पनि गर्भवती हुन्छे । पुरुषको अनुहार एकनाश हेरेको दृष्टिरागले पनि गर्भवती हुन्छे । पुरुषले लाएको फूल-मालादिको सुगन्ध आघ्राण रागले मात्र पनि गर्भवती हुन्छे । पुरुषको स्वाद रहेको भोजनादि भएका अनुभवानुरागले गर्दा पनि गर्भवती हुन्छे । पुरुषले लाएको वस्त्राभरण लाउनाले श्रृजित वस्त्रानुरागले पनि गर्भवती हुन्छे । मेघ ऋतुमा (वर्षा ऋतुमा) बकुला (Flamingo) गर्भवती हुने सरि ऋतु बदलिने रागले पनि गर्भवती हुन्छे । पुरुषले गरेका मधुर शब्दध्वनिको शब्दानुरागले पनि गर्भवती हुन्छे आदि भनिन्छ ।

“मेथुनं तनुसंसग्गो - नाभ्यामसन दस्सनं
घायनं सवनं पानं - पटिग्गाहं तथा उतु
नव हेतेहि थानेहि - गब्भं गण्हन्ति इत्थियो’ति ॥”

इत्यादिले गर्दा रानीहरू पनि त्यस बेला भिक्षु आनन्दको शब्दमा अनुराग गरी वहाँ जस्तै एकसे एक समान भएका पाँचसय छोराहरू जन्माइन् । त्यस बेला धेरैजसो राजाकहाँ गइ “तपाईंकी रानीहरूले जन्माएकी बालकहरू तपाईं जस्तो देखिँदैन, आनन्द महास्थविर जस्तो देखिन्छ” भनी मिथ्यादृष्टि लब्धिकहरू एकजूट भई राजालाई लज्जित गर्न थाल्यो । महाराजाले पनि त्यसमा सन्देह गर्नुभई तथागत गौतमबुद्धकहाँ जानुभई त्यस खबर अवगत गराउनुभयो । “तिम्रो स्वभाव तिमीलाई नै भन्नेछु” भनी विनयमा उल्लेख भए जस्तै क्रमानुसार राजाको शंका निवारण गर्नुभयो । त्यसै समयमा राजा भिक्षुप्रति प्रसन्नभई पञ्चाङ्ग दण्डवत् गरी क्षमा मागी “तपाईंप्रति मैले अनाहक सन्देह गरेको गल्तिलाई यो सजाँय भयो” भनी पाँचसय राजकुमारहरू वहाँलाई जिम्मा लगाई बुद्धशासनको लागि पूजा गर्नुभई फर्कनुभयो । त्यस पाँचसयजना राजकुमारहरू हुर्की आनन्द महास्थविर समक्ष भिक्षुत्व ग्रहण गरी अरहत् हुनुभयो ।

एकदिन कोसल राज्यबाट दशौं हजार मूल्यवान् हजारौं कसीसल (पस्मीना) कम्बल राजालाई ल्याइएको थियो । राजाले त्यस हजारौं कम्बल हेरेर सन्तोष हुनुभई त्यसबाट पाँच सयवटा कम्बल (पछ्यौरा) पाँचसय रानीहरूलाई प्रदान गर्नुभयो । तिनीहरूले आफूले पाएका ती पाँचसय कम्बल (पछ्यौरा) त्यस दिन भिक्षु आनन्दबाट धर्मोपदेश श्रवण गरेर प्रसन्न भई वहाँलाई ती सबैबाट एकैचोटी पूजा गरी सबै रानीहरू पुरानो कम्बल नै ओढेर राजाको भोजनागारमा गई बसिन् । राजाले पनि “तिमीहरूलाई मैले हिजो दिएको पछ्यौरा नओढी पुरानो पछ्यौरा ओढेर किन आएको ?” भनी प्रश्न गर्नुभयो । रानीहरूले पनि “स्वामी ! हाम्रा भिक्षु आनन्दबाट धर्मोपदेश सुनेर वहाँलाई धर्मपूजा गरी प्रदान गरें” भनी भनिन् । राजा विस्मित भई “त्यो पाँचसय पछ्यौरा के भिक्षु आनन्दले नै ग्रहण गर्नुभयो त ?” भनी सोध्नुभयो । रानीहरूले पनि “वहाँले ग्रहण गर्नुभयो” भनी भने पछि साँच्चै नै यतिका पछ्यौरा पाएर भिक्षु आनन्द कपडाको व्यापार गर्नुहुँदो हो कि भनी सोच्नुहुँदै, धेरै लाभ प्राप्त गर्नु तपस्वीहरूको निम्ति योग्य हुँदैन भनी आनन्द महास्थविरप्रति आक्रोशित भई भोजन गरेर धोएको हातको पानी सुक्न नपाउँदै तुरून्त विहारमा गई सीधा तथागत गौतमबुद्धकहाँ भेट्न नगई आनन्द महास्थविरको कुटी (कोठा) मा जानुभयो र भिक्षु आनन्द महास्थविरलाई पञ्चाङ्ग दण्डवत् गरी एकछेउमा बसी “स्वामी ! मेरा घरका रानीहरूले तपाईंसँग धर्मोपदेश सुन्छे, सोध्छे ?” भनी प्रश्न गर्नुभयो । भिक्षुले पनि “महाराज ! सोध्नुपर्ने ठाउँमा सोध्छे, सुन्नुपर्ने (अध्ययन गर्नुपर्ने) ठाउँमा सुन्छे” भनी जवाफ दिनुभयो ।

फेरि पनि राजाले स्नेहले सोध्दै “कस्तो छ स्वामी ! के ती रानीहरूले तपाईंको सजिलो असजिलो (सुख-दुःख) सोध्नुहुन्छ ? लाउने, बिछ्याउने, चीवरशाटक आदि दिन्थ्यो कि दिनुहुन्नथ्यो ?” भनी सोध्नुभयो । त्यस बेला भिक्षुले पनि “दिन्छ महाराज ! हिजो साँझ हामीबाट धर्मोपदेश श्रवण गरी पाँचसयवटा पछ्यौराले पूजा गरेकी थिइन्” भनी भन्नुभयो । “ती सबै तपाईंले नै स्वीकार्नुभयो त ?” भनी सोध्नुभयो । “महाराज ! स्वीकारें” भनी भन्नुभयो । “तथागत गौतमबुद्धले एक भिक्षुलाई तीन चीवर आज्ञा हुनुभएको हैन र ? अतिरिक्त लाभ किन स्वीकार्नुभयो त ?”

भनी सोध्नुभयो । “महाराज ! तथागत गौतमबुद्धले परिभोगको निम्ति तीन चीवरमात्र आदेश हुनु (नियम) भएको थियो । यति लाभ स्वीकार्ने भनी रोक लगाउनुभएको छैन । कोही-कोही भिक्षुहरूको श्रेष्ठ तथा शील संवरभाव अनुसार दान दिनेहरूको इच्छाबमोजिम तथा लाभकर्ताहरूको (प्रतिग्राहक) पुण्यानुसार लाभ प्राप्त भइरहन्छ । वनवासी तिस्स महास्थविरले सातवर्षको बालक समयमा हजारवटा क्षीरपात्र प्राप्त गर्नुभएको थियो । वहाँले त्यस क्षीरपात्र हजारवटा हजारजना भिक्षुहरूलाई प्रदान गर्नुभएको थियो । पुनश्च वहाँ ले नै एकदिन हजारौं पछ्यौरा (वस्त्र) स्वीकार्नुभयो । त्यो पनि हजारजना भिक्षुहरूलाई दान दिनुभएको थियो । त्यसो भएको हुनाले म पनि यस पाँचसयवटा पछ्यौरा स्वीकारेर जीर्णवस्त्र भएका पाँचसय भिक्षुसंघलाई दान दिनेछु महाराज” भनी भन्नुभयो । त्यसबेला राजाले नयाँ चीवर पाएपछि त्यस पुरानो (जीर्ण भएका) चीवरहरूलाई भिक्षुहरूले के गर्नुहन्छ नि ? भनी प्रतिप्रश्न गर्नुभयो ।



“महाराज ! पुरानो चीवर पुन: तालतुल गरेर लगाउँछ” भनी भन्नुभयो । “पुरानो लाएका चीवर के गर्नुहुन्छ” भनी सोद्धा, “महाराज ! त्यो नच्यातिएको ठाउँमा काटिएर अर्थात् बलियो र राम्रो ठाउँमा काटेर पुन: चीवर बनाई लाउँछ” भनी भन्नुभयो । “त्यो धेरै पुरानो भएको चीवर के गर्नुहुन्छ ?” भनी पुन: सोध्नुभयो । “महाराज ! त्यो धेरै पुरानो भएको चीवर ओछ्यौना र तन्नाको रूपमा प्रयोग गर्नेछ” भनी भन्नुभयो । “पुरानो ओछ्यौना र तन्नाहरू के गर्नुहुन्छ ?” भनी सोद्धा “महाराज ! पुरानो ओछ्यौना र तन्नालाई भुईंमा ओछ्याउने बनाउनेछ” भनी भन्नुभयो । “पुरानो भुईंमा ओछ्याउने कपडालाई के गर्नुहुन्छ ?” भनी पुन: प्रश्न गर्नुभयो । “महाराज ! पुरानो भएको भुईंमा ओछ्याउने कपडालाई खुट्टा पुछ्ने कपडाको रूपमा प्रयोग गर्नेछ” भनी भन्नुभयो । “पुरानो खुट्टा पुछ्ने कपडालाई के गर्नुहुन्छ ?” भनी पुन: प्रश्न गर्नुभयो । “महाराज ! श्रद्धावान्हरूले दान दिएको बस्तु त्यत्तिकै खेर फाल्नु उचित छैन । तसर्थ ती बस्तुहरूलाई कुशल पुण्यार्थ ती जीर्ण भएका खुट्टा पुछ्ने कपडा मसीनो गरी काटेर माटोसँग मुछेर सांघिक घरको भित्तामा वा बिग्रेको तथा खुइलेको भित्तामा लिपपोत गरिनेछ” भनी भन्नुभयो । त्यस कुरा सुनेर राजा भिक्षुप्रति प्रसन्न हुनुभई बुद्ध शासनमा अत्यन्त प्रसन्न भएर “स्वामी ! तपाईंको बुद्ध शासनमा प्राप्त भएका दानबस्तुहरू खुट्टा पुछ्ने कपडाबाट पनि खेर नजाने रहेछ, दान दिएकाहरूलाई कुशल पुण्य धेरै हुने कारण विशेष गरी जानी लिन पाएँ” भनी भिक्षुसंघको गुण गायन गर्दै “तपाईं जस्तो श्रेष्ठ व्यक्तिप्रति मैले अनाहकमा शंका गरेको गल्ति स्वरूप दण्ड गर्नेछु” भनी त्यहीं नै भुईंमा बसेर आफ्नो दूतलाई राजगृहमा पठाई राजदरबारमा रहेका बाँकी पाँचसय पछ्यौरा पनि ल्याउन लगाई महास्थविरलाई पूजा गरी जानुभयो ।

यसरी भिक्षु आनन्द महास्थविर बुद्ध शासनमा चीवर प्राप्त गर्नेहरूमा अग्र हुनुहुन्छ । यसरी त्यस समयमा पाँचसय पाँचसय गरेर पाँचसय चोटी नै पाँचसय पछ्यौरा प्राप्त गर्नुभएको थियो । बाँकी लाभसत्कार यति भनी यकीन गर्न नै सकिन्न । सेनाहरूले विना राजा राज्य विजय गरे तापनि फलाना राजाले राज्य विजय गऱ्यो भनी सेनाहरूले विजय गरेको युद्धले राजाको यश कीर्ति फैलिएसरि खेतमा धान राम्ररी सप्रिएमा त्यसको प्रसंशा ( गुण) काललाई गएसरि अर्थात् तालको गुण गायन गरेसरि तथागत गौतमबुद्धका श्रावकहरूले प्राप्त गरेका लाभसत्कारको प्रसंशा (गुण) पनि तथागत गौतमबुद्धले प्राप्त गरेसरि प्राप्त हुने भएको हुनाले यस्तो यस्तो भएका लाभसत्कार प्राप्त गरेको हुनाले पनि यस्तो यस्तो भएका लाभसत्कार प्राप्त गर्न योग्य भएको हुनाले पनि मेरो शास्ता हुनुभएका तथागत गौतमबुद्ध यस यस कारणले पनि अरहत् हुनुहुन्छ ।

(पूजावलिय असदृश महादान पूजा कथा, पेज ४२३-४२६)

क्रमश.......

# जीव विकासको क्रममा ज्ञान र विज्ञान



● डा. गणेश माली

क) पृथ्वीको उत्पत्ति तथा शुरूका युगहरू

जीव वैज्ञानिक तथा भूगर्भ वैज्ञानिकहरूको खोज मुताविक पृथ्वीमा जीव विकासको क्रम यसरी रह्यो ।

४ अर्व ५० करोड वर्ष पूर्व रातो तातो गोलाको रुपमा पृथ्वीको उत्पत्ति भए देखि करीव १ अर्व वर्षसम्म पृथ्वी जीवविहीन अवस्थामै रहयो । सोही अवधि भित्र रातो तातो गोलाबाट क्रमिक रुपमा परिवर्तन हुदै पृथ्वी वर्तमान आकारमा आइपुग्यो । करीव ३ अर्व ५० करोड वर्ष पूर्व उपयुक्त वायुमण्डल तापक्रम पानीको अवस्था भएपछि पृथ्वीको महासागरमा पहिला जीवहरू (एक कोषीय) उत्पन्न हुन गए । करीव ३ अर्व ५० करोड वर्ष पुर्वदेखि करीव ५० लाख वर्ष पूर्व सम्मको अवधि भित्र एक कोषीयबाट बहुकोषीय जीवहरू बन्दै क्रमश: जटिल वनस्पति तथा जीवहरू उत्पन्न हुन गए । करीव ५० लाख वर्ष पूर्व जीवहरू विकास हुँदै स्तनधारी जीवहरू तथा मानवका आदिम पुर्खा जंगली मानवहरूको विकास हुनगयो । यसरी जीवहरूको उत्पत्ति पछि पनि ज्ञान विज्ञानको खोजको लागि आवश्यक विकसित स्नायु प्रणाली तथा मस्तिष्क युक्त प्राणी आधुनिक मानवको विकास करीव ५ लाख वर्ष पूर्व मात्र हुन गयो ।

जंगली मानव जाति करीव ४५ लाख वर्षसम्म अन्य जंगली जानवरहरू सरह नै पाशविक प्रवृत्तिहरूले युक्त भएर जंगली अवस्थामै रहे त्यतिखेर पनि तिनीहरूको मनमा ज्ञान विज्ञानप्रति केही चासो उठ्ता हुन् तापनि यी विचारहरू सुषुप्त अवस्था मै रहे, फलिभूत हुन पाएनन् । यसरी यस पृथ्वीमा जीवहरूको उत्पत्ति पछि पनि करिव ३ अर्व ४९ करोड वर्ष सम्म ज्ञानविज्ञान विहीन स्थितिमा नै जीवहरू रहे । अत: यो लामो युगलाई ज्ञान विज्ञान विहीन युग नै मान्न सकिन्छ ।

(ख) आधुनिक मानवको उत्पत्ति पछि ज्ञान विज्ञानको खोजी

आधुनिक मानवजातिको उत्पत्ति पछि जब उनीहरूले चारै तिरको प्रकृतिको अवलोकन गरे तब पृथ्वीको बनस्पति तथा जनावरहरू वायुमण्डल, समुद्र, नदीनाला, ढुंगा माटो, बादल वर्षा, मेघ गर्जन हुरी बतास आदि तथा अन्तरीक्षमा सुर्य चन्द्र तारागणहरू आदि वारे आश्चर्य चकित भै विचार गर्न थाले, प्रश्नहरू सोध्न थाले– यो सब के हुन ? कसरी आए ? कसरी संचालन भैरहेछन् ? आदि । उनीहरूले यी सब बारे विचार मात्रै गरेनन् वस्तुत: अनेकन् प्रश्नहरू सोध्न थाले तथा समाधान पनि खोज्न थाले । मानव जातिको यस प्रयत्नको फल स्वरुप नै ज्ञान विज्ञानको जन्म हुनगयो ।

कुनै प्रश्नहरूको समाधान उनीहरूले आफ्ना इन्द्रियहरूको प्रत्यक्ष प्रयोग गरेर गरे । उनीहरूको यस किसिमको क्रियाकलापहरूबाट साधारण ज्ञान ( common sense) र विज्ञान (sciences) को विकास हुँदै गयो । यसरी उनीहरूले दैनिक जीवनमा आउने धेरै जसो वस्तुहरू, जनावरहरू तथा वनस्पतिहरूबारे ज्ञान प्राप्त गर्दै गए । जस्तै कुन बोटमा कस्तो फल लाग्छ, कुन फलको कस्तो स्वाद हुन्छ, कुन जनावरको कस्तो स्वभाव हुन्छ, इत्यादि बारे इन्द्रियहरूको प्रत्यक्ष प्रयोग गरी थाहा पाउदैं गए । यसरी नै विज्ञानको जन्म तथा विकास हुन गयो ।

तर यस्ता प्रश्न पनि उनीहरूले गरे – जस बारे केवल अन्दाज लगाउन सकिन्थ्यो, अठोट गर्न सकिन्थ्यो, परिकल्पन्ना गर्न सकिन्थ्यो । जहाँ इन्द्रियहरूको प्रत्यक्ष पहुँच पुग्न सक्दैनथ्यो, त्यहाँ यसरी अठोट गरेकोलाई यस्तै हो भनी सही मान्नु बाहेक अरु चारा थिएन । जस्तै यो सारा विश्व कसले बनायो ? कसरी बनायो ? किन बनायो ? त्यो बनाउने कस्तो थियो ? हामीहरू किन जन्मन्छौं, मछौं, अनि मरे पछि के हुन्छ ? यो पृथ्वी कसरी बनायो ? कसले बनायो ? कसले थामेको छ ? सूर्यचन्द्र ताराहरू के हुन् ? किन पृथ्वीको चारैतिर घुमीरहन्छन्, आदि ।

अन्दाज लगाउनु, अठोट गर्नु, र यसै हो भनी ठोकुवा

गर्नु सजिलो हुन्छ साथै जोखिमपूर्ण पनि । किनकि गलत पनि त हुनसक्छ ।

यही सिलसिलामा त्यसबेलाका केही बुझक्कडहरूले एउटा यस्तो महाशक्तिशाली, अवर्णनीय, अचिन्तनीय, सर्वज्ञ, सर्वव्यापी तत्वको परिकल्पना गरे तथा त्यस्तो तत्व छ भनी ठोकुवा पनि गरे । यही तत्व प्राय: सबै जसो प्रश्नहरूको हल गर्ने कारकतत्व हुनगयो । विश्व कसले बनायो ? उनले (त्यही कारक तत्वले) बनायो ? कसरी बनायो ? संकल्प मात्रले । पानी कसले पार्छ ? उसैले पार्छ । दिन रात कसरी हुन्छ ? उनैले गरेर हुन्छ । हामी किन बाँच्छौं ? त्यही कारक तत्वको क्रिपाले इत्यादि । त्यस्तो अत्यन्त महिमामय तत्वलाई रिझाएर जीवन सफल पार्नु नै त्यसताका मानवजातिको मूल कर्तव्य बन्न गयो । यही उद्देश्य लिएर त्यस ताका अनेकन् धर्महरूको उदय भयो ।

यसै जमानामा अनेक शक्तिशाली ऐश्वर्यशाली चमत्कारी व्यक्तित्वहरूबारे अद्भूत कथाहरू पनि रचिए तथा अत्यन्त श्रद्धाका साथ प्रचार गरिए जसमा जन साधारण आँखा चिम्ली श्रद्धा र विश्वास गर्न थाले । साथसाथै यसैताका अनेक धर्मिक कुरीतिहरू कुसंस्कारहरू एवं अन्धविश्वासहरू फस्टाउन थाले । जसको असर अझै समाजमा व्याप्त छ । आस्था र विश्वासको बाहुल्य भएको यस युगमा पनि स्वतन्त्र विचारकहरू नभएका होइनन्, जसको ज्वलन्त उदाहरण स्वयम् गौतम बुद्ध हुनुहुन्छ । कुनै बाह्य शक्तिको आश्रय बिना पनि मानव आफ्नै प्रयत्नले सम्यक दृष्टि जगाई दु:ख उत्पन्न गर्ने सम्पूर्ण क्लेशहरूबाट चित्तलाई मुक्त पारी दु:ख मुक्त भई शान्तिपूर्वक रहन सक्छ भन्ने तथ्यलाई स्वयम आफै दृष्टान्त बनी अन्य व्यक्तिहरूलाई पनि सो मार्गमा लगाई दु:ख मुक्त गरी दिनुभयो । वहाँका मूल शिक्षाहरू अझै लोकप्रिय बनेका छन् ।

(ग) वैज्ञानिक युग तथा नयाँ विचारधाराहरूको उत्पत्ति

मानव जातिको ज्ञानको खोजीको क्रममा मन्द गतिले अगाडी बढीरहेको विज्ञान करीव १२०० वर्ष अघि देखि मात्र द्रुत प्रवेग लिएर अगाडी बढ्न थाल्यो । माइक्रोस्कोप, तेलेस्कोप जस्ता यन्त्रहरूको आविस्कार, विद्युत तथा चुम्बकीय शक्तिको अध्ययन तथा उत्पादन, चाल तथा गति सम्बन्धि नियमहरूको खोज, आणविक तथा परमाणविक क्रिया-प्रक्रियाको अध्ययन आदिबाट अगाडि बढीरहेको विज्ञानले विस्तार विस्तारै, प्रकृतिका रहस्यहरू खोल्दै गए ।

कालान्तरमा मानव जातिले पृथ्वी प्रकृति तथा अन्तरिक्षबारे सोध्ने गरिएका तथा केवल अठोटको भरमा ठोकुवा गरिएका प्रश्नहरू पनि विज्ञानले समाधान गर्दै गए । मानव जातिका पहिलेका आस्था र अन्धविश्वासी धारणाहरूसंग वैज्ञानिक खोजले निकालेका तथ्यहरू बाझिन थाले, जुन स्वभाविकै थियो, (किनकि सिर्फ अठोट र ठोकुवाको कुनै ठोस आधार थिएन) अनि प्राय: जीत विज्ञानकै हुन्थ्यो । वैज्ञानिक तथ्यहरूमा प्रत्यक्ष प्रयोगद्वारा प्रमाणित गरेर देखाइदिने सामर्थ्य हुन्थ्यो ।

यसै वैज्ञानिक युगमा विज्ञानलाई आधार बनाएर केही नयाँ विचार धाराहरू निस्के तथा भौतिकवाद र प्रकृतिवादमा आधारित दर्शनहरू निस्के । यसै सिलसिलामा सामाजिक सुधार गर्ने उद्देश्य लिएर निस्केका मार्क्स तथा लेनिनका द्वन्द्वात्मक भौतिकवादले मानव जगतमा विशेष गरी सामाजिक संरचना हेरफेर गर्ने काममा निकै असर पुऱ्याई रहेको छ ।

वैज्ञानिक युगमा फस्टाउँदै गरेको भौतिकवादमा आधारित दर्शन एवं त्यसको सामाजिक पक्षले भौतिक सुख सुविधालाई नै प्राथमिकता दिएर जीवनको लक्ष्यलाई स्थापित गरी मानवीय नैतिक मूल्य मान्यताहरूलाई ओझेलमा पारी रहेका छन् – जसलाई यस युगको कमजोर पक्ष मान्न सकिन्छ । मानव केवल सामाजिक तथा आर्थिक यन्त्र मात्र होइन, संवेदनशील, सत्य र शान्तिकामी प्राणी पनि हो भन्ने तथ्यलाई मनन गरी समन्वय स्थापना गर्नुलाई यस वैज्ञानिक युगको मूल ध्येय मान्नु पर्ने आवश्यकतालाई नकार्न सकिन्न ।

आजको वैज्ञानिक युगमा तथागत सम्यक सम्बुद्धका सम्यकदृष्टियुक्त चतुर्ब्रम्ह विहार, तथा सत्य र शन्तिको मार्गलाई आधार बनाई समन्वयात्मक समाज निमार्ण गर्नु अत्यावश्यक छ । सो नभएमा समाजमा मानसिक अशान्तिको कारण कुनै पनि बेला दुघर्टना हुने संभावना रहिरहन्छ । अत: यता:तिर बेलैमा दृष्टि पुगोस् तथा मानव जाति भविष्यमा सुखपूर्वक बाच्न सकून् यही कल्याण कामना गरौं ।

# सुखी हुने चार सुत्र



● भिक्षु पिदस्सी

सुत्र पिटकको अंगुत्तर निकायमा चतुक्क निपातको पंचक पण्णासकमा अभिञ्ञा वग्गमा संगह वत्थु भन्ने सुत्रद्धारा कुनै पनि व्यक्तिको इहलोक र परलोक जिवित सुखमय बनाउनको लागि उपकार हुने कारण दान, प्रिय वचन, अर्थचर्चा र समानात्मता, यी चार प्रकारका संग्रह वस्तु बारेमा उल्लेखित गरिएको छ ।

चार प्रकारका संग्रह वस्तुद्वारा सुन्दर परिवारिक वातावरण, सुन्दर समाज र राष्ट्र निर्माण गर्न सकिन्छ । परित्याग अथवा दिने चेतनाले कसैलाई पनि आफ्नो बसमा पार्न सकिन्छ । प्रिय वचनले धन सम्पत्तिले पनि गर्न नसकिने काम गर्न सकिन्छ । भनिन्छ एउटा नरम वचनले ढुङ्गाको जस्तो मनलाई घ्यू जस्तै पगालल्न सकिन्छ । अर्थचर्या भन्नाले कुनै पनि व्यक्तिको विकासको लागि आवश्यक मार्ग दर्शन हो । समानात्मताले हरेक व्यक्तिहरूसँग समान सुःख दुःख बाँड्न सकिन्छ । जसले गर्दा सबैको मन जित्न सक्छ । त्यसैले कुनै पनि व्यक्तिले यी चार प्रकारका संग्रह वस्तु आफ्नो जीवनमा उतार्ने हो भने त्यस व्यक्ति यस समाजमा सबै सित मिलेर राम्ररी जीवनयापन गर्नमा उपकारी हुन्छ ।

दान

चार संग्रह बस्तु मध्ये सर्वप्रथम संग्रह वस्तु हो दान । आफुले धर्मानुसारले कमाई राखेको धनसम्पत्ति अलोभ आदि कुशल चेतनाले अरुलाई परित्याग गर्नु नै दान हो । बुद्ध धर्ममा दानको बारेमा धेरै ठाँउमा धेरै किसिमले उल्लेख गरिएको छ । त्रिविध पुण्य (दान, शील, भावना) क्रिया मध्ये दान नै सर्वप्रथम हो । त्यसैगरी दश पुण्यक्रिया मध्ये पनि दान सर्वप्रथम नै उल्लेख भएको पाइन्छ । ३८ मंगलहरूमा पनि एउटा दान हो । सकल प्राणीहरू संसार भवचक्र पर्ने तृष्णाको कारणले गर्दा हो । तृष्णा हटाउनको लागि उपकार हुने परित्याग अथवा दान हो । त्यसैले विशेष पुण्यकर्महरूमा दान नै प्रमुख हुन्छ । परित्याग २ प्रकारले गर्न सकिन्छ भनि धर्ममा उल्लेख भएको पाइन्छ ।

१. अनुग्रह बुद्धिले दिने ।

२. पूजा बुद्धिले दिने ।

कुनै पनि दुःखी, याचक, माग्ने आदि अनाथहरूलाई करुणा, मैत्री चित्तले उनीहरूको जीवनयापनको लागि अवश्य सहयोग तथा उपकार गर्नेलाई नै अनुग्रह बुद्धिले दिने भनी बुझ्नुपर्छ । समाजमा रहेको भोकमारीको पीडामा परिरहेको गरीबी तथा माग्नेहरूलाई, बुद्धाश्राममा रहेका बृद्धाहरूलाई र उपकार आवश्यकहरूलाई धन सम्पत्ति भएका धनीहरूले उपकार नगरे उनीहरूलाई अरु कसको सरण त ? त्यसैले धनवान व्यक्तिले धन सम्पत्ति मात्र थुपारेर हुदैन । आफुले कमाएको अनुसार केही भाग असणहरूलाई दिई आफ्नो सत्पुरुष गुण देखाउनु उनीहरूको कर्तव्य हो भनी सम्झनुपर्छ ।

पूजा बुद्धिले दिने भनेको त्रिशरणप्रति विश्वास तथा कर्म र कर्मफलप्रति विश्वासले शिलादि गुण धर्मले युक्त भएको उत्तम र श्रेष्ठ व्यक्तिलाई परित्याग गर्नु हो ।

त्यसैगरी फेरी पनि १ आमिस दान, २ अभय दान र ३ धर्म दान गरि ३ किसिमको दान पाइन्छ ।

आमिस दान भन्नाले आहारपान आदि दिनेलाई भनिन्छ । हामीले बुद्ध पूजा गर्दा अधिवासेतु नो भन्ते भनी जुन गाथाद्वारा भनिन्छ । त्यसलाई आमिस पूजा भनी बुझ्नुपर्छ । विनय पिटक अनुसार चीवर, पिण्डपात, सेनासन र गिलानप्रत्य दिनेलाई आमिस दान भनिन्छ ।

अभयदान भनेको कसैको जीवन विपत्तिबाट मुक्त गराउने, राजा, चोर, शत्रु, अग्नि र पानी जस्ता पञ्च उपद्रवबाट आरक्षा गर्ने, रोगीहरूलाई बचाउने, वान्धनमा परेका सत्वहरूलाई त्यसबाट मुक्त गर्ने आदि क्रियाकलाप हो । पञ्चशीलको प्रथम शिक्षापद पालन गर्नु पनि अभय दान दिनु हो ।

धर्मदान भनेको धर्म प्रवचन गर्ने, धर्म सम्बन्धी किताबहरू छापेर बाँड्ने तथा धर्म पढ्नेहरूलाई उपकार गर्ने जस्ता क्रियाकलापहरू धर्मदान अर्न्तगत हुनआउँछ ।

भगवान बुद्ध भन्नुहुन्छु "सब्बदानं धम्म दानं जिनाति" सबै प्रकारका दानहरूलाई धर्म दानले जित्छ ।

दान दिनु भनेको सजिलो छैन । आफ्नो अधिकारमा रहेको कुनै वस्तु कसैलाई दिनु गाऱ्हो नै हुन्छ । दु:खको कारण तृष्णा हो भने तृष्णाको कारण पनि कसैलाई दिने अभ्यास नभएको हो । त्यसैले सुख पाउनको लागि हामीले दिने अभ्यास गर्नु जरुरी छ । "दानं च भिक्खवे सप्पुरिस पञ्‍ञत्तं पुग्गल पञ्‍ञत्तं" भिक्षु हो दान दिनु भनेको सत्पुरुषहरूको र प्रज्ञावानहरूको क्रिया हो ।

प्रिय वचन

दोस्रो संग्रह वस्तु प्रिय वचन हो । बुद्ध भन्नुहुन्छ "सुभासित च या वाचा एतं मंगल मुत्तमं" सुभासित भन्नाले प्रिय वचन भनी बुझ्नुपर्छ । अट्‌ठकथामा यस वचनलाई "पे□य वज्जन्ति" (प्रिय वचन) भन्ने शब्द प्रयोग गरिएको छ । कसैलाई आफुसँग भएको धन सम्पत्ति खर्च गरी आहारपानले संग्रह गरे खुशी पार्न सकिन्छ भने कुनै प्रिय वचन बोलेर पनि खुशी पार्न सकिन्छ । कुनै दुई बीच घनिष्ट सम्बन्ध बनाउनको लागि प्रिय वचन धेरै नै उपकारी हुन्छ । प्रिय वचन हुनको लागि प्रिय वचन धेरै नै उपकारी हुन्छ । प्रिय वचन हुनको लागि मुसावादा, फरुसवाचा, पिसुनवाचा, सम्फप्पलापावाचारहित हुनुपर्छ । त्यसैगरी सुभाषित हुन पाँच वटा अंग पूर्ण हुनु जरुरी छ । जसले गर्दा विद्वानहरू पनि प्रभावित हन्छ ।

१. "कालेन भासितं होति ।"

उचित समय हेरेर बोल्नुपर्छ ।

२. "सच्चा च भासितं होति"

भन्ने वचन सत्य हुनुपर्छ ।

३. "सण्हा च भासितं होति"

सुमधुर तथा नम्र वचन हुनुपर्छ ।

४. "अत्थसंहिता च भासितं होति"

सुमधुर तथा नम्र वचन हुनुपर्छ ।

५. "मेत्त चित्तेन च भासितं होति"[१]

मैत्री चित्तले बोल्नुपर्छ ।

त्यसैले कसैसँग कुरा गर्दा हामीले यी पाँच वस्तुलाई ध्यानमा राखेर कुरा गर्नुपर्छ । जसले गर्दा हामीले समाजमा कसैसित पनि सहज रुपमा मित्रता तथा सम्बन्धता गाँस्न सकिन्छ । मानिसहरू मात्र होइन जनावरहरू पनि नम्र तथा कोमल वचनलाई मन पराँउछ । नन्दि विशाल जातक त्यसको लागि राम्रो उदाहरण हो । प्रिय वचन तथा अप्रिय वचन बोटविरुवाहरूमा पनि असर पर्न सकिन्छ भनी आजकल वैज्ञानिकहरूले पनि पुष्ठि गरिसकेको छ । त्यसै कारणले मित्रशील, उदार गुण धर्मले युक्त सदाचार समाज वातावरण बनाउनको लागि आफ्नै घरबाट पनि हामीले सुरु गर्न सकिन्छ । त्यसैले विद्यालय, कार्यलय आदि सबै ठाउँमा सबैसँग कुनै पनि तत्व भेद नहेरी प्रिय वचन बोल्ने बानी बसालौं ।

अर्थ चर्या

चार संग्रह बस्तु मध्ये अर्थ चर्या तेस्रो हो । व्यक्तिको अभिवृद्धि तथा सफलताको हेतु हुने क्रियाकलापलाई अर्थ चर्या भनिन्छ । यस्तो क्रियाहरू गर्दा प्राणीहिसा, अदिन्नादाना र कामेसु मिच्छाचारा शरीरबाट हुने । यी तीन प्रकारका अकुशलहरूबाट बन्चित हुनु जरुरी छ । त्यसै गरी आफ्नो सफलताको र अभिवृद्धिको लागि प्राणीहरूको व्यापार, हातहतियारको व्यापार, मद्यपान जस्ता लागुपदार्थको व्यापार, मासुको व्यापार र विषको व्यापार गर्नु हुँदैन । भगवान बुद्धले पनि यी ५ प्रकारका व्यापार गरेर कमाएको धन सम्पत्ति धार्मिक हुदैन भनेर भन्नु भएको छ ।

यसैगरी राज्य पालन धर्मको रुपमा लिने नै हो भने जनतालाई आर्थिक संवर्धनको लागि मार्गदर्शन र आवश्यक सम्पत्ति दिनु भन्ने बुझ्नुपर्छ । किसानहरूलाई आवश्यक बीज, मल, जग्गा जमिन र अन्नहरू बेच्नको लागि सजिलो ठाउँ मिलाई दिने हो भने उनीहरूप्रति गर्ने आर्थिचर्या हो । व्यापार गर्नेहरूले पनि आफ्नो कार्यलयमा काम गर्ने कर्मचारीहरूलाई सक्दो काम जिम्मा लगाउने, समय समयमा आहारपानले संग्रह गर्ने, विरामी भयो भने औषधिको लागि खर्च दिने, समय समयमा बिदा दिई उनीहरूलाई बोनस दिने जस्ता कार्यहरू गर्दा सेवक सेविकाहरूले पनि आफ्नो स्वामीप्रति आफ्नो दायित्व राम्ररी नै पालना गर्ने छन् ।

अं. निकाय वाचा सुत्र पे.ज. ६१५ (स्वामि द्वारिकादास पालि त्रिपिटक हिन्दि अनुवाद वाराणसी २००२

यसरी एक अर्का प्रतिराम्ररी दायित्व पालन गर्ने भने कुनै आयतनमा मात्र होइन देशमा पनि आर्थिक विकास हुन्छ। यसरी भौतिक विकासको मात्र नभई आध्यात्मिक विकासको लागि अवश्य श्रद्धा, शील, त्याग, प्रज्ञा जस्ता गुण धर्म विकास गर्न र लोकोत्तर सुरुको प्राप्तिको लागि मार्ग दर्शकको रुपमा अर्थचर्या दर्शाउन सकिन्छ।

समानात्मता

संग्रह वस्तुहरूमा अनित संग्रह वस्तु समानात्मता हो। दुःख सुख दुवैमा सामन रुपले बाँढेर क्रिया गर्नु नै समानात्मता भनी बुझ्नुपर्छ। यो गुणधर्म हो। गृहस्थी जीवनमा श्रीमान श्रीमती, तथा आफ्ना छोरा छोरीहरूमा समान रुपमा आदर, सम्मान, स्नेह, गौरव दर्शाउन सक्नुपर्छ। जसले गर्दा एक आपसमा वैर, क्रोध, ईर्ष्या, द्वेष जस्ता अकुशल चेतना उत्पन्न हुन सक्दैन। त्यसैले परिवारमा विश्वास र खुशीले भरिपूर्ण हुन्छ।

यसरी विद्यालय, कार्यालय, व्यापार, आयतन आदिमा जाति, आगम, कुल, भेद, पक्ष भेद, वास्ता नगरी सबै जना समानात्मताले दुःख सुख दुवै बाँडेर क्रिया गर्ने हो भने त्यो कार्यालय वा आयतन वा पाठशाला मुख्य र अरु सबै जना प्रशन्न र एक आपसमा मेलमिलाप भएको देख्न पाउन सकिन्छ।

सबैलाई समान रुपले व्यवहार गर्नुपर्छ। हुनु त यसरी व्यवहार गर्नु धेरै नै दुष्कर छ। तैपनि आफुलाई र अरुलाई हित हुने काम गर्नु दुष्कर नै हुन्छ। भारतीय समाज कुलभेद आदिले व्याप्त भएको समयमा नै तथागत गौतम बुद्धको जन्म भयो र बुद्ध शासनमा चारै जातका परिषद्हरू यस धर्ममा सामेल भए। यसले पनि भगवान बुद्धको समानात्मता गुण देखाएको छ। आफ्नो छोरा राहुल देखि लिएर आफुलाई मार्नको लागि आएको अंगुलिमाल, देवदत्त, नालागिरि हात्ती लगायत सबैलाई वहाँले समानरुपले हेर्नुभयो। गंगा, यमुना, अचीरवती आदि चार महागंगाहरू समुद्रमा आई एउटै नुनिलो रस युक्त हुने झै सबै कुलहरूबाट बुद्ध शासनमा आएकाहरू एउटै परिषदको रुपले व्यवहारिक भएको छ। पराभव सुत्रमा उल्लेखित परिहार्य धर्महरू मध्ये धेरै धन सम्पति भएकाहरू स्वादिलो आहारपान एक्लैले लुकाई लुकाई परिभोग गर्ने हो भने त्यो परिहार्य कारण मध्ये एउटा हो। आफ्नो धनसम्पतिले खानापिन योग्य अनुसार एक आपसमा बाँडेर परिभोजन गर्ने हो भने त्यहाँ समानात्मता सुरक्षा हुन्छ। त्यस्तो नहुने ठाउँमा व्यक्ति र परिहार्य झै झगडा र एक आपसमा असमझदार ीता रोक्न कसैले सक्दैन।

त्यसैगरी आफु श्रेष्ठ र अरुलाई आफुभन्दा तल राखी व्यवहार गऱ्यौं भने समाजमा भेद हुनसक्दछ। कुल, पद, धन, जाति आदि अनुसार व्यवहार गर्नाले परिहार्यको हेतु हुनेछ। त्यहाँ विश्वास मान सम्मान हुन्छ। त्यसैले पुद्गल र आयतन विनाश हुनबाट रोक्न सकिंदैन। हामी एउटै आमाको कोखबाट जन्मेको हो भने जाति भेद किन ? हामी भित्र रहेको रगत अरु मानिसहरूमा पनि रातो रगत नै भए कुल भेद किन ? सबै मानिसहरू एउटै वर्ग हो भने जातिको आगमको कुल भेदको ठाउँमा झै झगडा नै किन ? जात भात, छुवाछुत नै किन ?

माथि उल्लेखित संग्रह वस्तुबाट घरमा आयतनमा कार्यालयमा काम गर्ने ठाउँमा केही मात्रमा भए पनि सबैलाई साधारण आकारले संग्रह गर्ने हो भने त्यस घर आयतन आदिमा पनि प्रियजनक विश्वास युक्त परिषद् उत्पन्न हुन्छ। यस चार संग्रह वस्तुले गर्दा परिवार, समाजमा हुने झै झगडा, वैर, क्रोध, बदला लिने भावना जस्ता अकुशल चेतनाबाट वञ्चित असल र सदाचार युक्त समाज बनाउन सघाउ पुऱ्याउछ। त्यसैले वस्तुलाई चिनेर, बुझेर र जानेर आफ्नो व्यवहारिक जीवनमा यसलाई उतारेर सफल जीवन यापनको लागि बीज रोपौं।

# विश्वधर्मता

जीवन यात्राको निम्ति आवश्यक ज्ञान–४

गत अंक-३६-२ बाट क्रमश....



● भिक्षु धर्ममूर्ति

भगवान बुद्ध जीवमान हुदाँ नै एक समयमा एक यात्री पानीजहाज समुद्र वीचको एक स्थानमा अचानक रोकिए छ । आ-आफ्नो जीन्दगीका विषयमा सबैलाई शंका उत्पन्न हुनु स्वाभाविकै हो । भारतीय पुरानो विश्वास अनुसार कुनै अलक्षिण व्यक्ति त्यस नौका (पानीजहाज) भित्र रहनुले यस्तो दुर्दशा हुने हुन्छ । त्यस पानी जहाजमा भिक्षुहरू पनि यात्रा गरिरहेको रहेछ । तर जनसमुदायको निर्णय अनुसार उहाँहरूलाई पनि चुप लागेर बस्नु बाहेक अन्य उपाय भएन छ । त्यस अलक्षिण व्यक्ति खोजेर उसलाई समुद्रमा खसाल्नु नै समस्याको समाधानको रुपमा जनसमुदाको निर्णय भएछ । एक अलक्षिण (अभागी)को कारण सबैको जीवन विनाश हुन दिनुहुन्न भन्ने उनीहरूको ठहराई रहेछ । तर आजको युगमा यो उचित र न्यायसंगत निर्णय भनेर स्वीकारिदैन होला । तर त्यसबेला विद्यमान सामाजिक विश्वास अनुसार उक्त निर्णय उचित र न्यायसंगत रहेछ । अत सबैको नभए बहुमतको आधारमा उक्त अभागी व्यक्ति खोजेर समुद्रमा खसाल्न तयार भएछ । त्यसबेलाको माहौल कस्तो होला तपाइले नै अनुमान लगाउन सक्नुहुन्छ ? चिट्ठाको प्रक्रियाद्वारा त्यस अभागी व्यक्ति खोज्न सकिन्छ भन्ने आज पनि विश्वास गरिन्छ होला ! त्यसानुसार चिट्ठा राखेछ र त्यस अभागी चिट्ठा एक नव विवाहित युवतीलाई परेछ । त्यो यक्तिकै भएको होला भनी दोस्रो पटक चिट्ठा राखेछ । दोस्रो पटक पनि उनीलाई नै परेछ । फेरी एक अवसर दिने उद्देश्यले फेरी चिट्ठा राखेछ तर तेस्रो पटक पनि ती नव विवाहित युवतीलाई नै परेछ । उनी उक्त पानीजहाजका क्याप्टेनका श्रीमती रहेछ ! क्याप्टेनलाई पर्नु फसाद पऱ्यो । तर जनसमुदायको निर्णयको अगाडी केही बोल्न सकेन र सहमति जनाई उक्त निर्णय अनुसार गर्न अनुमति दिनै पऱ्यो । उनीले लगाई राखेका गरगहनाहरू त्यत्तिकै नास्ती हुनदिनु हुन्न भनी उनीका सबै गरगहनाहरू फुकाल्न लगाई श्रीमानलाई जिम्मा लगाइयो । उनी समुद्रमा छटपटेको हेर्न नसक्ने भनी श्रीमान(क्याप्टेन)ले भनेकोले एकैचोटी पानीमा डुब्ने गरी बालुवाको बोरा घाँटीमा झुण्डाएर उनीलाई समुद्रमा खसाली दिएछ । अचम्म....! त्यसपछि उक्त पानीजहाजमा कुनै बाधा बिना नै सकुशल गन्तव्यमा पुगेछ । उक्त यात्री पानीजहाजमा यात्रा गरेका ती भिक्षुहरूले यस रोचक तर दु:खदायी वृतान्त भगवान बुद्ध समक्ष विस्तार गरेछ र त्यसो के कारणले भएको हो भनी सोधेछ ।

भगवान बुद्धले आफ्नो 'अभिज्ञा शक्ति' ले अतीतलाई आवर्जना गरी त्यसो हुनुको कारण उनकै पुरानो एक गल्ती रहेछ भन्ने बताए । बुद्धको त्यस विवरण अनुसार ती आइमाई (नव विवाहिता युवती) पूर्व एक जन्ममा एक किसानको श्रीमती भई जीवन बिताएकी रहेछ । उनकै ( त्यो भन्दा पनि) एक अतीत जन्मका श्रीमान भएका व्यक्ति एक कुकुर भई जन्मेर त्यसै घरमा बसेको रहेछ । पूर्वजन्मको मायाले गर्दा उक्त कुकुरले सधैं उन्को अघिपछि लागि रहने भएछ जहाँ गए पनि पछि पछि लागि रहने नै भए छ । त्यसकारणले अरुले उनलाई जिस्क्याउन समेत थाले छ । उनी पनि लज्जित भएछ । पछि उक्त कुक्कुर आफुलाई झन्झट भन्ने ठानेर उबाट मुक्त हुने विचार गरेछ । एक दिन किसानलाई खाजा लगेर फर्कने क्रममा वीच बाटोमा आफुसंग भएको घैटोमा बालुवा भरी त्यो कुक्कुरको घाँटीमा बाँधेर नजिक भएको एक पानीको खाल्डोमा खसालिदिएछ । त्यो कुक्कुर पानीमा डुबेर मरेछ । पानीजहाजमा जाँदाजाँदै वीचमा ती आइमाईलाई भोग्नु परेको विपाक आफुले गरेको त्यसै गल्तीको फल विपाक हो ।

भगवान बुद्धका अग्रश्रावक द्वयमध्ये बुद्धको देब्रे हातको रुपमा लिइने अर्हत भिक्षु मौद्गल्यायन महास्थविर बुद्धधर्म जनसमुदायमा जनप्रिय/लोकप्रिय बनाउन धेरै योगदान दिनु भएका ऋद्धिबलमा अग्रस्थान प्राप्त गरेको ब्राम्हण भन्ते हुन् । त्यसकारण नै अन्य लब्धिकहरूको बैर ( विरोध)मा परेका हुन् । अत: अपराधीहरूलाई पैसा खुवाई

ती अपराधीहरू मार्फत उहाँको घात गर्न पछि परेनन् । ऋद्धिसम्पन्न त्यस्तो श्रेष्ठ व्यक्ति समेत अरुको हिंसाबाट किन मुक्त हुन सकेन र त्यस्तो दु:खदायी मरण भोग्नु परेको भनी बुद्ध समक्ष जिज्ञासा राख्दा बुद्धले त्यसको कारण पनि दीर्घ अतीतको एक जन्ममा उहाँले गर्नुभएको गल्तीको फल विपाक हो भनी खुलासा गर्नुभयो ।

अतीतमा एक गृहपतिको रुपमा बाँचेका उहाँ आफ्ना मातापितासँग वास गरेको रहेछ । वीचमा त्यस गृहपति भार्या र उसको बृद्ध आमा बुवाको बीचमा झगडा भएछ । सासु (ससुरा) बुहारीको झगडा (कलह) आज पनि सुलभ घटना हुन्छ । बृद्ध ससुरालाई पनि आफ्ना पत्नीको पक्ष नलिई भएन । एक पुरुष (छोरा)लाई आफ्नो परिवारीक जीवनमा भोग्नु पर्ने यो भन्दा अप्रसन्न अन्य घटना हुँदैन होला । एकातिर आफुलाई हुर्काएका आमाबुवालाई बेवास्ता गर्नु मुस्किल हुन्छ । अर्कातिर आफ्नो पत्नीको मलिनो अनुहार हेरेर बस्न पनि गाह्रो हुन्छ । धेरैजसो अवस्थामा यहाँ छोराहरू धर्मसंकटमा पर्ने गर्दछन् । धेरै उपाय पश्चात् अन्तमा आफ्नै आमा बुवा घाटन गराउनमा ती बुहारी सक्षम हुन्छिन् । त्यो वेला हुदाँसम्म ती बृद्ध बृद्धाका आँखा धेरै कमजोर भई प्राय:नदेख्ने अवस्थामा पुगी सकेकोले उनीहरूको उपाय कार्यान्वयन गर्न झन् सजिलो भएछ । जे जसरी होस् त्यस अवस्थामा उत्पन्न समस्याबाट उम्किन सफल भएछ । तर त्यसपछि कतिपटक उक्त कर्मले गर्दा उनीहरूले दु:ख पीडा भोग्नु पऱ्यो भन्ने बारेमा केही उल्लेख नभएता पनि यस जन्ममा भने धेरै नै पीडा खप्नु परेको रहेछ । आ-आफ्नो स्वतन्त्रता स्वच्छन्दताको लागि सजिलोको लागि दु:ख गरी हुर्काएका आफ्ना आमा बुवालाई मरण दण्ड दिनु यो कत्तिको उचित ?

मानिसहरूलाई सिद्ध भएका यस्ता घटनाहरू र त्यससित सम्बन्धित कारणाकारणहरू सम्बन्धमा परिक्षाकारी हुदाँ विश्वधर्मताको बारेमा थोरै भए पनि ज्ञान हासिल गर्न सकिन्छ । रबरको बलले पर्खालमा हान्दा जसले जहाँबाट हानेको हो उतैतिर उसैकहाँ फर्कैर आउने तरिका हामीले देखेका छौं । यसप्रकार आफुले अरुलाई गरेका ती कर्महरुका समान फलहरू पनि फेरी आफुकहाँ आउनु विश्वधर्मताको लक्षण हो । कसैलाई राम्रो वा नराम्रो फलस्वरुप पछि प्राप्त हुन सो सायद त्यही व्यक्तिबाट नहुन सक्छ । यसै जन्ममा भए पनि हामीले कसैलाई ठूलो उपकार गरेको भए पनि उसबाट प्रत्युपकार कहिले काहीं मात्र प्राप्त हुन्छ होला । शायद प्राप्त नहुन पनि सक्छ । यस जन्ममा नै हामीले उपकार गरी (सहयोग गरेर) विकसित भएका बनेका व्यक्तिहरू चार प्रकार हुन सक्दछन् ।

# म अड्किन्छु जालमै

कविन्दो श्रामणेर, तानसेन

अहो ! छैन शान्ति मेरो मन कसै,
झसंग बिउझन्छु, त्यो हृदय स्वप्न मै
शुन्य एकान्त वास गर्न खोज्छु सधैं,
सक्दिन विलिन हुन, म अड्किन्छु जालमै ।

पाउन छुटकारा, उपाय खोज्दै
व्यस्त हुन्छु, त्यो हरेक दिमाग मै ।
सकिन रोक्न मनलाई, भएछु बहुला झै,
हार भने नदेख, त्यो देख्छ अशुद्ध मनभै ।

कुद्धिपमा असौन्दर्य फुलहरु फुल्छ कतै,
आाशु बग्दछ दयालु हृदयमा सधैं ।
पृथ्वी गुन्जिन्छ गोली बारुद आवाजमै,
सुख जसबाट होला मनमानवका कसै ।

जान्छु शान्ति खोज्छु, कयौं भौतारिदै,
भेट्दछु शान्ति दिन, एक भन्दै गन्दै ।
यी कलिला आाखा छ कहाा टुंगिदै ?
बुद्ध र युद्ध कतै छुट्याउन खोज्दै ॥

जब चरणकोमलमा ढोग्न पुग्छु म नै,
कतै शान्तिको आभास हुन्छु पाउादै ।
काडाको दुखाई पनि निको छ हुादै,
सके म विलिन हुन, प्रार्थना वहाा तथागत कै ।

# ठपनिय प्रश्न

न सुल्झाईकन त्यसै छोडिने प्रश्नलाई ठपनीय प्रश्न भनिन्छ । बुद्धकालीन समयमा कुनै कुनै दार्शनिकहरूले प्रश्नहरु, भगवान बुद्धले ठपनीय भनी । ती प्रश्नहरूको अर्थहिन, निरर्थक हुने भएकोले वा छलफल गर्नु ब्यर्थ भनी छोड्नुभयो ।

साँच्चै यस्ता प्रश्नहरु ठपनीय भनी छलफल नै नगरी के त्याग गर्न मिल्छ ? त्यसरी छोड्नुको हेतु के हो ? प्रश्न गम्भिर भएको कारणले उत्तर दिन नसकि भाग्न पो खोजेको हो कि ? आदि कारणहरूको बारेमा खोजी गर्नु यो लेखले अपेक्षा गरिन्छ ।

चुल मालुक्य सुत्र अनुसार ठपनिय प्रश्न १० वटा छन् । त्यस मध्येबाट पनि विद्यात्मक साधक उपयोगी गरेर उत्तर खोज्न सकिने छ भनी विचार गरेर २ वटा प्रश्न मात्र लिएर छलफल गर्या ।

१. लोक अनन्त छ की....?

२. लोकको अन्त...? पनि छ....?

भन्ने प्रश्न विज्ञानको मदतले सुल्झाउन सकिन्छ की कोशिस गरी हेरौं ।

पृथ्वी विश्वको सानो अणु हो । पृथ्वीले सुर्यलाई घुम्छ भनी हामी सबैलाई थाहा छ । पृथ्वीले मात्र होइन अन्य ग्रहहरूले पनि सुर्यलाई घुम्छ ।

वैज्ञानिकहरूको खोजवाट सुर्यको वरिपरि अझ अन्य अनन्त सुर्यहरू छन् भनी भेट्टाएको छ । नयाँ नयाँ वैज्ञानिक उपकरणहरूको मदतले संसारको वारेमा खोजी गरेको वैज्ञानिकहरूले संसार अनन्तवत् भनी बुझे ।

१२ वटा ग्रहहरूले सुर्यलाई घुम्छ । हामीलाई उज्यालो दिने सुर्य भन्दा बिसाल सुर्यहरु अझ विश्वमा थुप्रै छन् । हामीलाई नजिकै भएको सुर्य अझ प्रोक्षिभा सेन्टौरी भन्ने नामले चिनिन्छ ।

त्यस सुर्यको किरण पृथ्वी सम्म आईपुग्न ४.२ वर्ष लाग्छ सुर्यको किरण १,८६,००१को वेगमा जान्छ यसैले सुर्यको र पृथ्वीको दुरी कति होला भनी अनुमान गर्न सकिन्छ ।

कुनै कुनै सुर्यहरूको किरण पृथ्वीसम्म आईपुग्न १००००-२०००० वर्ष लाग्छ । यस्ता सुर्यहरूको समुहलाई लोकधातु भनिन्छ । हाम्रो आखाँले देखिने सुर्य अन्तर्गत भएको लोकधातुमा सुर्यहरू १० करोड वटा छन् । त्यसकारण यो विशाल लोकधातु हो ।यसमा एकछेउ वाट अर्को छेउ सम्म किरण पूग्नका लागि एक लाख वर्ष लाग्छ ।

संसारमा यस्ता लोकधातुहरु अनगिन्ति छन् । यस्ता लोकधातुहरूको समुहलाई लोकधातु पुञ्जक भनिन्छ । हाम्रो आखाले देखिने सुर्य अन्तर्गत गएको लोकधातु पुञ्जकमा लोकधातुहरु समुह २० वटा छन् भनी खाजि भएका छन् । ती लोकधातुहरूको धेरै टाढा टाढा छरिएर वसेको छन् भनी वैज्ञानिकहरु भन्दछन् ।

एण्डो भेडा (Andro meda) भन्ने लोकधातु हाम्रै लोकधातु पुञ्जकको एउटा टुक्रा हो । यसको किरण पृथ्वी सम्म आईपुग्न ५लाख वर्ष लाग्छ ।

cama कोमा भन्ने लोकधातु पुञ्जकमा लोकधातु समुह ..हजार वटा छन् भनी खोजि भएका यस्ता लोकधातु पुञ्जकहरू मिलेर नै विश्वको निर्माण हुन्छ । यति भागले संसारको निर्माण नभएको हुन सक्छ अझ नभेट्टइएका लोकधातु पुञ्जकहरु लाखौ हुन सक्छ ।

यी कारणहरूले विश्वको असिमितता प्रष्ट हुन्छ । यसको वारेमा हाम्रो ज्ञान धेरै नै अल्प छ । त्यसकारण भगवान बुद्धले लोक विषय अनन्त भन्नुभयो । त्यसको वारेमा नसोच्नु पनि भन्नुभयो । लोक विषय अनन्त भएको कारणले गर्दा त्यसको वारेमा खोज्नु निष्फल क्रिया भनि प्रष्ट हुन्छ । त्यसकारणले गर्दा भगवान बुद्धले ठपनियको रूपमा लिनुभएको हो ।भगवान बुद्धले जस्तै आज वैज्ञानिकहरु पनि लोक विषयको प्रश्नमा ठपनिय क्रम नै अनुगमन गर्दैछ ।

## मानव संशाधन विकाश

# समाज देश विकासको लागि बौद्ध शिक्षा



● शिशिल चित्रकार

समाज देश र विश्वको समेत भयावह अवस्था तथा समस्या नै समस्यामा जेलिएको हालको अवस्थामा कुनै एकजना व्यक्ति, निकाय, कार्यालय वा सरकारले मात्र समस्या समाधान गर्न सकिदैन । यसको लागि हरेक समाज, क्षेत्र, कार्यालय वा सरकारका यावत निकायमा कार्यरत व्यक्तिहरुको कार्य दक्षता, नैतिकता, शुद्ध आजिविका, चरित्र, समग्र रुपमा मानव संशाधन विकाशको सही परीचालन हुन, आवश्यक छ । आज देशका हरेक क्षेत्रमा देखा परेका अस्त व्यस्त मानविय श्रृजित हुन भने यसको निराकरण पनि मानव संशाधनको विकाशवाट मात्रै संभाव छ । मानविय गुणको विकास विना भौतिक रुपमा यान्त्रिक वा उपकरणहरुको सहयोगले मात्र विकासले सही गति लिन नसिकिने देखिन्छ ।

नेपालको आजको भयावह अवस्थालाइ विचार गर्दा दक्षता विहिन कर्मचारी तन्त्र, अनैतिकताको पहाड, अध्यात्मिक शिक्षाको अभाव, कार्य र परिणामको अन्तरसम्बन्धको मुल्याङ्कन गर्ने परिपाटी नहुन, खाली भाषणवाजी, कागजी कार्य तथा अपुरो अधुरो अभिलेख प्रणाली नै मुख्य कारक तत्व हो । जब अधुरो तथा अपुरो अभिलेख प्रणाली हुन्छ वा कुनै सूचना आफैमा अपुरो र अधुरो हुन्छ सम्पूर्ण गल्तीको शुरुवात नै त्यहीबाट हुन्छ ।

नेपाली समाज तथा विश्वमा क्रमश धर्म लोप हुदै गएकोले इतिहासको कालखण्डमा विकासको अवस्था देखि सकेका नेपालले हालको विकराल अवस्था सम्मको नियति भोग्नु परेकोमा सायद दुईमत हुदैन । लिच्छवी कालमा विकासको स्वर्ण युगमा बुद्ध धर्मले पनि विकाश गरेकोमा क्रमश मल्लकाल तथा राणाकालमा बुद्ध धर्म र अनुयायीहरूमा भएका भेदभाव पूर्ण व्यवहारबाट समाजबाट बुद्ध धर्म लोप हुन गएकोमा विगत सात आठ दशकदेखि पुन: यसको आगमन वा पुनरुत्थान भएको छ । तर देश समाजमा बिग्रने परिमाणमा धर्मको प्रचार प्रसारको अनुपातमा निकै अन्तर भएकोले समाज अझ बिग्रने तिर उन्मुख भएको अनुभूति हुन्छ ।

विगत सात आठ दशक देखि जनमानसमा बुद्ध धर्मको प्रचार प्रसारले व्यापकता पाए पनि, देशका विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी, न्यायधीश, वकिल, प्रहरी,चिकित्साकर्मी, शिक्षक, आदि पेशागत क्षेत्रमा धर्मको पँहुचको अनुपात निकै कम भएकोले धर्म मौलाउन नपाएको अवस्था छ । आज एकातिर धर्मको प्रचार प्रसार सीमित संध सस्था, व्यक्तिले आफनो सिमित श्रोत साधनबाट परिचालन गर्न बाध्य भएका छन भने देशको नीति कार्यक्रम, बजेट आदि धर्मको संयोजन विना परिचालन हुन्छ भने देश समाजले सही गति कसरी हासिल गर्न सक्छ ? राज्यले मानव संशाधन विकाशको परिकल्पना विना, व्यक्तिको सही मानविय पहलको विकाश गर्ने परीपाटी विना, व्यक्तिमा हुनु पर्ने नैतिकता विना, खुल्ला रुपमा कानुनको उपहासको अवस्था बिधमान भएको अवस्थामा देश समाजले विकासको परिकल्पना गर्नु समेत हाँस्यास्पद हुन्छ ।

आज देश समाजको भयावह अवस्था र विभिन्न निकायमा कार्यरत व्यक्ति – कर्मचारी, प्रशासक, नेता, व्यापारी, उद्योगी, चिकित्सक, न्यायकर्मी, पत्रकार, वकिल, शिक्षक, प्रहरी, मजदुर आदि हरेकमा धर्मको आवश्यकता छ । नैतिकता विनाको कार्यले देश समाजलाई विकासको गतिमा पु¥याउन नसकिने तथा अनैतिकताको पहाडले भरिपुर्ण कार्य व्यक्तिहरूबाट देश समाज विकासको आशा गर्नु पनि व्यर्थ छ । यस सन्दर्भमा धम्मपद श्लोक ३०८ राख्न सान्दर्भिक थान्छु ।

से□यो अयोगुलो भुत्तो –तत्तो अग्गिसिखु□पमो ।
यञ्चे भुञ्जे□य दुस्सीलो –रट्ठापिण्डं असञ्ञतो ।।

अर्थ : दु:शील दुराचारी भएर राष्ट्रपिण्ड खाएर बस्ने भन्दा रातो डामिएको फलामको डल्लो खाएर बस्नु नै उत्तम हुन्छ ।( श्रोत: भिक्षु अमृतानन्द, धम्मपद)

देशका यावत क्षेत्रमा कार्यरत व्यक्तिहरूले आ–आफनो भूमिकाको पुर्नमूल्याङ्कन गर्न जरुरी छ । नत्र राष्ट्रपिण्ड खाएर बसेका व्यक्तिहरूबाट नै देश समाजको विकासमा योगदान नभएको देश समाजको र विश्व समेत विकासको बाटोमा लाग्न नसक्ने मात्र नभई विनासको बाटोमा लाग्ने निर्विवाद छ । आज देश समाजको यावत क्षेत्रमा देखा परेका विभिन्न समस्याको जड नै अपुरो अधुरो गलत सूचनाको आधारमा गलत संयन्त्र, गलत संयन्त्रमा कार्यरत अदक्ष व्यक्तिहरू नै हुन भने यसमा सुधारको लागि बुद्ध शिक्षा को पहुँच सबै क्षेत्रमा पु¥याउनु र सही रुपमा मानव संशाधनको विकाश गर्नु आजको आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

# अमूल्य जीवनको लक्ष्य

सुशीला शाक्य



यो मानव जीवन क्षणिक छ । नाशवान छ । यो अनित्य छ । त्यसैले यो अति अमूल्य छ । मरे पछि छैन लाने केही, केवल धर्म र पाप मात्र । क्षण भरको यो जीवनमा हामीलाई माया मोहले भुलाई राख्छ केवल । समय बित्दै गईरहेको हामीलाई पत्तो हुँदैन । केटाकेटी नमरेको घर परिवारमा जो पहिलो बालक जन्मन्छ । हामी कति खुसी हुन्छौ । अति नै सुखको अनुभूति हुन्छ । जब बालक तोते बोली बोल्न र ताय्तिति गरि हिड्न थाल्दछन् । हामीलाई गौरव र आनन्दको अनुभव हुन्छ । हामी खुसीमा मग्न भई भुल्दछौ । केवल बालक बढ्दै आएको हामी देख्दछौ तर आफ्नो आयु कम हुँदै गएको हामी चालै पाउदैनौ । घाम छायाको हाम्रो यो जीवनमा दिन पछि आउने रात जस्तै सुखपछि दुःख आउँदछ । त्यस्तै रात पछि दिन आउँछ भने दुःख पछि सुखको पालो आउछ । सांसारिक जीवन चक्रको भुमरीमा सधै घुमिरहन्छौं । आफ्नो छोटो जीवनको पत्तो हुँदैन । लोभ, मोह, रिस, राग, द्वेषमा जीवन सदा अल्भिरहन्छ । कालको मुखमा परेर पनि हमीलाई लोभलालचले भुलाई राख्दछ ।

यस सम्बन्धमा एउटा घटनाको स्मरण गराउनु उपयुक्त थान्दछु । एकजना यस संसारमा घुम्दाधुम्दै बाटो बिराएर एकान्तको घनघोर जंगलमा पुग्दछ । चारैतिर भयानक जंगलै जगल मात्र हुन्छ । फर्केर एक चोटी पछाडि हेर्छ । देख्छ उसले एउटा भयंकर हात्तीले आफैलाई लखेत्न आईरहेको । आफू माथि आई परेको एक्कासी खतराबाट बच्न ऊ भाग्न थाल्यो आफ्नो जीवनको रक्षा गर्न । धेरै बेर दौडेर भागे पनि पछाडि फर्केर हेर्दा त्यो हात्तीले अझै पनि लखेत्दै आइरहकै देख्छ । उ कहाा जाउा भनी अत्तिन्छ । रूखमाथि चढूं भने त्यो जंगली हात्तीले रूख नै भाचिदेला भन्ने डर भयो फेरी पनि उ भाग्छ । भाग्दा भाग्दा त्यस जंगलमा उसले एउटा इनार देख्छ । इनार सागै रहेको एउटा ठूलो रूख देख्छ । जंगली हात्ती देखि बच्न ठाउा भेट्टाउँछ । त्यो मानिस त्यहि इनार भित्र रुखको हाागा समातेर जंगली हात्ती देखि लुकेर बस्छ । हाँगा समातेर झुण्डिरहन्छ । रुख मुनि इनारमा उसले एउटा भयानक अजिंगर देख्छ । उसको त बाँच्ने आशै छैन । काल नै पर्खी रहेको जस्तो । आफु झुण्डिरहेको रुखको हाँगामा पनि एउटा सेतो र अर्को कालो मुसोले किटिकीटि गरि काटिरहेको छ । धेरै दिन सम्म त्यसरी किटिकिटि काट्यो भने एक दिन उ अवश्य पनि रुखको हाँगा भाँचेर काल रुपी अजिङ्गरको मुखमा स्वात्तै पर्न जान्छ । त्यस्तो अवस्थामा उसले एकचोटी माथि नियालेर हेर्छ । उसले एउटा मौरीको चाका देख्छ । त्यस मौरीको चाकाबाट गुलियो मह टपटप चुहिरहेको हुन्छ । त्यो देखेर उसले महको थोपा आफ्नो मुखमा पार्न चलमलाउँछ । उसले समातिरहेको रुखको हाँगामा काँडै काँडा मात्र भएको हातमा काँडाले घोचेर रगतम्मै हुन्छ । जति चलमलायो त्यति काँडाले घोच्छ । तर पनि उसले त्यो टप टप चुहिरहेको महको थोपा आफ्नो मुखमा पारेर गुलियो र स्वाद लिईरहेको हुन्छ । मानिस यस्तो नाजुक अवस्थामै झुण्डिरेको छ ।

सोही बेला त्यहाँ एक जना सुशील, शान्त, महापुरुष पीत वर्णको चीवर लगाएर, आफ्नो हातमा पिण्डपात्र बोकेर आईरहेको करुणावान ज्ञानी भिक्षुले त्यसलाई देख्छ । त्यो मानिसको दुर्दशा माथि असिम करुणा राखि त्यसलाई बचाउने विचार गर्छ । त्यस कारुणाका खानी, सत्यमार्गका निर्देशक भिक्षुले एउटा डोरी तल पठाई दिन्छ उसलाई उद्धार गर्न । त्यो कष्टमा अल्झेको मानिस भने एक थोपा गुलियो महको लोभमा परिरहेको छ । त्यस भिक्षु देखि उ रिसाउँदछ । कति उसलाई अलमल गरेको भनेर । उल्टो त्यस उद्धारकलाई हप्काई गाली गरि पठाउँछ । यही हो हाम्रो मानव जीवन । आफुलाई त्यस्तो दुःख पर्दा पनि, आफु त्यसरी च्यूत भई कालको मुखमा पर्छ भन्ने थाहा पाउँदा पाउँदै पनि एक थोपा गुलियो महको रसमा भुलेर आफैलाई उद्धार गर्न

खोज्ने मुक्ति दिलाउन खोज्ने सद्‌गुरुलाई पनि हामी चिन्दैनौं उल्टो उसैलाई गाली गर्ने हाम्रो यो जीवन कस्तो हो ?

हामीहरूको जीवनमा कहिले कत्तिबेला काल आईपुग्छ हामीलाई थाहा छैन । त्यस्तै कहिले के हुन्छ भन्ने पनि थाहाँ हुदैन । खाली माया मोह रुपी गुलियो महमा भुले जस्तै संसारिक जंजालमा भुलिरहन्छौं । मरे पछि हामीले लानु के छ र ? आफ्नो साथमा को जान्छ र ? कसैलाई पनि साथमा लान सकिदैन, केवल आफैले गरेको पुण्य वा पापको फल मात्र । हाम्रो यो छोटो अवश्यम्भामावी नाश हुने जीवनमा महको गुलियो जंजालमा भुलिरहनु भन्दा बुद्ध धर्म र संघको शरणमा जानु अति उत्तम हो । सत्पुरुषबाट असल धर्म श्रवण गर्नुपर्छ । सबै प्राणी मात्रको हित र कल्याण हुने सम्बोधि ज्ञान प्राप्त गर्नसक्ने बाटो पहिल्याउनु परेको छ ।

हाम्रो जीवन क्षणिक छ । अवश्य नाश हुने अनित्य छ तरै पनि यो अति अमुल्यको छ । पूर्व कर्मको फलस्वरुप मात्र यस लोकमा मानिस भएर जन्म भएको छ । त्यसैले अमुल्य रत्न समानको छ । यो मानव जीवन । यही एउटा जुनीमा मात्र हामीले अमुल्य अनुत्तर सम्यक सम्बोधि ज्ञान लाभ गर्न सकिन्छ । त्यसैले, महापुरुषहरुले मानिसको जुनी अमूल्य "नर रत्न" भनेको हुन । त्यस्तो अमुल्य रत्न समानको यो मनुष्य जुनी हाम्रो निमित्त अत्यन्त दुर्लभ छ । यस्तो दुर्लभ, अनित्य, क्षणिक जीवनमा माया मोह रिस राग द्वेषमा भुलेर मौरीको मिठो महमा जस्तै भुलेर बस्ने हाम्रो जीवन धिक्कार छ, व्यर्थ छ ।

अज्ञान, अन्धकार, रिस, राग, द्वेष, इर्श्या, मोह, माया, लोभरुपी संसारिक जंजाललाई त्यागी सद्धर्मको ज्ञान प्राप्त गर्ने सुबाटोमा हामी लाग्नु परेको छ । त्यो सुमार्ग हो हाम्रो नेपालका सुपुत्र महामानव बुद्धले देखाउनु भएको, प्रतिपादन गर्नु भएको शील, समाधि, प्रज्ञाको सुबाटो, जसलाई आर्य अष्टाङ्गिक मार्ग भनि भन्दछन् । यही एउटा मार्ग अपनाउँदा मात्र हाम्रो यस्तो अमूल्य, क्षणिक, अनित्य, दुर्लभ, जीवनमा बोधि ज्ञान प्राप्त हुन्छ । सबै बोध हुन्छ । मानव जीवन सफल हुन्छ । आदि मध्य अन्तसम्म पनि सकल मानव हित र कल्याण हुन्छ । अस्तु !!!




# ज्ञानमालाया मू



भिक्षु ज्ञानपूर्णिक महास्थविर

शिक्षित जुइत शिक्षा माः । शिक्षा दःसा तिनि शिक्षित जुइ । शिक्षित जूसा तिनि ज्ञान दुम्ह धाइ । उकिं ज्ञान दयेकेत शिक्षा माल । ज्ञानया मूहाः शिक्षा हे खः ।

मनू धात्थेंम्ह शिक्षित जूसा तिनि शोभा दु, झःझः धाः । अशिक्षित जुल धाःसा मनूया मू हे मदु धाःसां ज्यू । मनू शिक्षित जुइत उकिं वयात शिक्षा माः, मदयेकं मगाः । स्यने कने याये माःगु सयेके सीके माःगुयात शिक्षा धाइ । बाालाक गतिलाक्क स्यने कने याना सयेके सीका तःसा तिनि शिक्षा दुम्ह शिक्षित धाइ । धात्थे ला स्यने कनेगु सयेके सीकेगु धयागुया सीमाना हे मदु ।

थौं कन्हेयागु युग ला शिक्षाया क्षेत्रय् झं हे तब्याः तःचलाय् जुइ धुंकल । न्हून्हूगु आविष्कारया हुनिं याना छु छु जक निं सयेके सीके यायेगु खः, ग्व ? भासं स्यू ला मस्यू ला, थू ला मथू ला, मां बा हे त्याज्जिक धाये सः ला मसः ला बुया स्वदा दसें निसें हे थौं कन्हे ब्वनेकुथी वने माले धुंकल,छ्वये माले धुंकल । छें फुदंसां फुमदंसां दुदंसां दुमदंसां थःपिसं बुइकापिं जन्म बियापिं मचाखाचातय्त ब्वनेकुथी छ्वये हे माः,मछ्वसे मगाः । थः मस्ततय्त शिक्षा बिया शिक्षितपिं याये हे माः । अथे मजुल धाःसा मस्तय्गु भविष्य बांलाइ मखु, इमिगु भविष्य ख्युसे च्वनी ।

आः झीसं शिक्षायात मोटामोटिं निथी कथं ब्वथले । भौतिक शिक्षा व आध्यात्मिक शिक्षा अथवा नैतिक शिक्षा धका । भौतिक शिक्षा धयागु थौ कन्हे विश्वभरय् संचालन जुयाच्वंगु अ आ इ ई क ख ग घ A B C D निसें कया विविध विषयया विद्यावारिधी तकयागु विभिन्न शास्त्रत, गथे किः समाज शास्त्र, मानव शास्त्र, वाणिज्य शास्त्र, विज्ञान व प्रविधि शास्त्र,नृत्य शास्त्र, जीव विज्ञान, कम्प्यूटर शास्त्र, राजनीति शास्त्र, अर्थ शास्त्र, इतिहास, संस्कृति, भूगोल, खगोल, पुरातत्व, भाषा, साहित्य, बीजगणित, अंकगणित, ब्याकरण, जोतिष शास्त्र, अंगविद्या, न्याय शास्त्र, स्वास्थ्य, शिक्षा, व्यावस्थापन, प्रशासनिक, न्यायिक शिक्षा, भैषर्ज्यविज्ञान, भूगर्भ शास्त्र, वास्तुकला, धातुकला, हस्तकला, चित्रकला, ललितकला, आदि इत्यादि आपालं आपालं दुगु जुल ।

थुपिं शिक्षात दक्वं जीवन यापनया लागी भौतिक जीवनयात सुख सुविधां जायेकेया लागी, मसीतल्ले तकयात माः माःगु हलंज्वलं सकतां पूवंका तयेया लागी माःगु शिक्षात जुल । थौंया संसार थुपिं भौतिकी लाभया निंतिं हे मिखाप्वाः चाः सां निसें लिमला फमला ध्वः ध्वः ल्याल्यां घ्वंघ्वं स्यास्यां थुनां थुनां चुइक हापु छ्प्यय् हे सवाः दयेके कथं नये मलाक स्वाास्वाा पचांपचां ब्वााय् जुयाच्वंगु जुल ।

न्ह्याकथं याना नं च्वय् धया वयाथे जाःगु शिक्षात दयेका उकी उकी दक्षता प्राप्त याना शिक्षित जुया छ्जु पुासा, छ्छा नसा, छ्द्या च्वंसा, छ्झाः त्वंसा व म्वना च्वंतल्लेयात माःगु ल्वसा अनेतने कथंया ज्वंसा ल्वचं कइबलेसित तासा म्हाइपु छ्यायेत विशेष प्रकारया छुं नीति निर्धारणत आवश्यक तायेका तःगु खने मदु । थःथकथं थजु, आः यागु वर्तमान जीवनयात तथाकथित सुख सुविधां कपोलकल्पित अर्थ जायेका याउाक पलख ख्वाः पाः ब्वये दयेक च्वने खन धायेवं गात । भिं मभिं, ज्यू मज्यू, बाााला बाामला, उचित अनुचित, ल्वः मल्वः, यायेत्यः याये मत्यः, सत्य असत्य, न्याय अन्याय, धर्म अधर्म छुकिया नै च्यूता काये माःगु मदु । भौतिक सम्पन्नता हे आः या निंतिं सकता खः ।

अनं ल्यूयागु निगूगु शिक्षा खः अध्यात्मिक अथवा नैतिक शिक्षा । गुकी धार्मिक शिक्षात धाक्व दुतिनाच्वंगु दु । सदाचारिता, सच्चरित्रता, सद्‌गुण, सद्व्यवहार, सत्‌चिन्ता, नैतिकता दक्वं थुकी दुने लाः वः, गुकीयात थौंयागु युगं उपेक्षित भावं स्वयाच्वंगु दु । थुकीयात परियत्ति शिक्षा, प्रतिपत्ति शिक्षा व प्रतिवेध शिक्षा कथं अले शील शिक्षा,

समाधि शिक्षा तथा प्रज्ञा शिक्षा कथं नं ब्वथले ज्यू । थुपिं दक्वं प्राणी मात्रया आन्तरिक मनस्थिति लिसे स्वानाच्वंगु दु । थुगु शिक्षायात दर्शन शास्त्रया रुपय्, मनोविज्ञानया रुपय्, धार्मिक शास्त्रया रुपय्, परामनोविज्ञानया रुपय्, अभिधर्मया रुपय् आदि इत्यादिया रुपय् सयेका सीका वनेज्यू ।

चित्त, मन व विज्ञान लिसे सम्बन्धितगु सम्पूर्ण शिक्षा हे आध्यात्मिक शिक्षा खः । लौकिक चिन्तन मननया विषयं निसें कया लोकोत्तर अवस्थाया विषय तकं थुकी दुथ्याः । थुकीयागु छसिकथं अध्ययन यायेत उकिं दक्वसिबे न्हापां धर्मसम्बन्धी विविध शिक्षाया अध्ययन आवश्यक जुल । अनं लिपा उकियागु वास्तविक मजबुत परिणाम छु खः प्रतिवेध कथं प्रत्यक्ष अनुभूति दयेकेमाल । प्रतिवेध याना दुचायेक अनुभूतिं साक्षात्कार याये फयेकेमाल । चारित्रिक विशेषतां युक्त जुइमाल । मनस्थिति संयम जुइमाल । स्थिर चित्त स्थितप्रत्र जुइमाल । मनस्थिति संयम जुइमाल । स्थिर चित्त स्थितप्रज्ञ जुइमाल । जीवनयात वाचायेके माल । म्हसीके माल, सीकेमाल, थुइके माल । खालि माने जक यायेगु कथं माल ।

उकिं थौंयागु युग धात्थें वैज्ञानिकतां जाःगु युग खः, हरेक क्षेत्रयात विवेक व दूरदर्शिताया कसौटी च्वला स्वयेगु व प्रत्यक्ष दर्शनया साक्षात्कारयात न्हाय्कनय् स्वयेथें स्वया ग्रहण यायेगु युग खः धायेगु खःसा वर्तमान जीवनया आधारशीला जुयाच्वंगु भौतिक शिक्षायात विवेकया शिलास्तम्भय् लिधंका अले पारलौकिक आन्तरिक दर्शनया आधारशीला जुया आत्यन्तिक सुख शानितया माध्यम जुयाच्वंगु आध्यात्मिक शिक्षा नितांयागु उत्तिकं महत्व दुगुयात थुइका यंकेगु कथंयागु जीवन दर्शनया अति हे आवश्यक जुयाच्वंगु खाय् सुना नं निगू मत निगू धारणा मतःसे प्रज्ञाया मतजलं खयेका जुइच्वने न्हयावने फयेकेमाल ।

उकथं थुइका न्हयावनेत ज्ञानया सुव्यवस्थित रुपं दिशा बोध जुइका बीगु माध्यम माल । उकियात चिल्लाय् मलाय् मदंक छथासं माःहनेथें हना मुंका तःगु नं जुइमाल । गुकिंयाना याउाक अःपुक न्हयाइपुक मार्ग निर्देशन प्राप्त जुइ फइगु खः । छखो म्हाइपु तंका मेखें ज्ञानया पाखें मनोरञ्जन नं प्राप्त जुइका ज्ञान व बुद्धियात नै च्वत्तुच्वला प्रखरताय् थ्यंका शिक्षायागु मू तातुना कथं देखावती रुपं जक शिक्षित मखुसे वास्तविक रुपं हे शिक्षित याना सुसम्य व सुसंस्कृत अवस्थाय् तकं थ्यंका बीफइगु खः, गुगु ज्ञानं मनूयात धात्थे मनू जुइका मनुष्यखे कुतुं मवंनिगु कथं रक्षाया कवचं नं पुंका बिया थन नं अन नं निथाय्सं नं सुव्यवस्थित जीवनावस्थाय् थ्यंका आश्वस्त जुइका बीगु खः, उजागु आध्यात्मिक शिक्षा हे परम उपकारी उत्तम हितकारी शिक्षा जुइगु खः, उकथंयागु शिक्षा दयेका शिक्षित जूसा तिनि धात्थेम्ह शिक्षित धाथे ल्वइगु खः । व उगु शिक्षा बीगु ज्या धात्थें विवेकी मनूतय्त यथार्थ चिन्तनशील व्यक्तिपिन्त ज्ञानया मालां बियाच्वंगु दुगु जुया ज्ञानमालाया महत्व, ज्ञानमालाया अस्तित्व ज्ञानमालाया मूल्य व मान्यता वर्णनातीत धाःसा छूं पाइमताः । थ्व दुनुगलं निसें ध्वाथुइका खा व ज्या ल्वयेके फुसा इपिं धात्थें ज्ञानमालाया दुजः जूवने फइ । इमिगु जीवन धन्य जुइ । ज्ञानया माः क्वखाया सकलें सकलें धात्थेपिं ज्ञानी गुणीर्पिं शिक्षित शिक्षादुपिं जुइफयेमाः ।

सकलसित मंगल जुइमाः ।

## न्हुगु बसन्तया स्वां

अमन खड्गी, यल

निराशाय् जक तक्यनेमते  
अय् नुगः छ,  
वनेमानिगु लूपु त यक्वः हे दु स्वः,  
फिलिमिली संसारय् जक मन वनियः  
माया मोह जालय् जक मन लायेयः स्वः ।

कर्मया लूपुइ पलाः न्हयाकेमाः स्वः  
आज्जुया च्वकाये ध्यंकेमाः स्वः,  
खिउूसे जक च्वनीमखु जीवन थ्व  
न्हुगु सुथःया जःनं लुइतिनि स्वः ।

सत्संगतया किचलय् दुनेगु स्वः  
कूफा जक जुइमखु जीवन थ्व,  
न्हूगु बसन्तया स्वां नं ह्वइतिनि स्वः ।

# World Heritage Lumbini - 3

Bhikku Vivekananda

## 7. Environment Management System

Issues: Heavy industrialization between Bhairahawa and Lumbini and very little control mechanisms in place; high potential for further industrial encroachment of Lumbini; poor compliance of industries with environment protection law; a dramatic increase in visitation in Lumbini; followed by unplanned development such as rampant construction of buildings and roads in the Restricted Zones around the Kenzo Tange Master Plan Area; ground water table is dropping; increasing garbage; illegal felling of trees; persistent cattle grazing in the Master Plan area; encroachment, potential for improper land-use, and a laissez-faire attitude of the concerned authorities are seriously threatening the WHS Lumbini and other archaeological sites within the Lumbini Development Area. The implementation of an Environment Management System will help an organization like LDT to tackle these and other environmental issues in a systematic and effective manner. An Environment Management System specifies requirements for establishing an environmental policy, determining environmental aspects and impacts of activities and services, planning environmental objectives and measurable targets, implementation and operation of programs to meet objectives and targets, checking and corrective action, and management review[1].

The Environment Management System for the region could have three main objectives: 1. Management, and improvement of the environment in and around archaeological sites within the Lumbini Development Area while making arrangements for sustainable socio-economic development within an environmental framework. 2. Increase standard of living for local residents by creating jobs, improving education, health (sustainable socio-economic development); 3. The Environment Management System for the Lumbini Development Area will serve as a model case for environmental management in Nepal[2]

Activities: Appoint staff for an Environment Management Unit including an EM representative[3], and an environmental inspector (green scorpion); translation of international standards into Nepali; write up a statement of environmental concepts and policy[3]; formulate environmental guidelines for zones; set up objectives and targets; conduct regular environmental surveys (waste, air quality, water quality, ground water table, noise, forest, plants, birds); head of LDT units meet regularly to discuss impact of planned activities on environment; EMS training for LDT staff, vendors, and other key stakeholders; ensure that IMP cum EMS for the Lumbini Development Plan gets integrated into the plans of other government agencies; ensure that activities of other government agencies are environmentally friendly; bring environmental education into local schools; publish an EMS newsletter; provide information about EMS; control waste by arranging for a waste management system through a qualified INGO; improve sewage system in surrounding villages; beautify natural landscape; ensure Environment Impact Assessment (EIA) is conducted prior to any development activity in or adjacent to a protection zone; ensure that decisions on EIA are taken by Ministry of Environment, Science, and Technology, DoA, LDT, UNESCO, WHC, and not by the Ministry of Industry; regularly monitor compliance with environmental laws, building codes, zoning laws etc. in zones 1 – 6, check construction activity in zone 1 and 2, stop illegal construction;

1. International Organization of Standards (www.iso.org); ISO 14001;
2. APSARA (www.autoriteapsara.org);
3. EMS to help protect Angkor – "Crown Jewel" of Cambodia, ISO Management Systems, September-October 2004, p. 27ff;
4. Egyptian Governate of Qena keeps its social and environmental promises, ISO Management Systems, July-August 2006, p. 28ff.
5. Peglau, R., Baxter, M., A decade of ISO 14001, ISO Management Systems – May-June 2007, p. 13 – 21.

## 8. Developing LDT

Issues: LDT's objectives are insufficiently defined in LDT Act 1985, amended 2003, e.g. 3.1 "LDT shall be established for the development of Lumbini", this does not specify the management and protection of the sites directly or indirectly related to the life and work of the Buddha; the boundaries of Lumbini Development Area, the "Lumbini Development Plan", and LDT's responsibilities are not clearly defined in LDT Act; since the emphasis should be more on conservation and protection the area should be renamed Lumbini Conservation Area/ Zone[1]; the institutional framework in which LDT is supposed to operate is not clearly defined in LDT Act; LDT Act does not specify what LDT Council and LDT Executive Board should deliberate on; LDT Act does not state that the policy and activities of LDT, the investments which it has made and the authorities it has given shall be subject of an annual report; lack of LDT legal authority; lack of a clearly defined zoning concept, by-laws for preservation of archaeological remains, building guidelines, guidelines on trade within Lumbini MP area; lack of enforcement of existing laws, by-laws, guidelines; its organizational structure no longer corresponds to the tasks it has to carry out; at present protection of OUV of WHS Lumbini leaves room for improvement; inadequate co-operation with international organizations like World Heritage Committee; absence of an integrated management plan is felt;

Objectives: To review the present status of LDT, its objectives, authority[2] and to develop LDT into an effective, high-capacity regional authority which manages, protects, conserves, and preserves ancient sites within Lumbini Development Area, which also provides basic facilities to pilgrims and visitors, ensures that the environment will be protected within the zones under its jurisdiction, and contributes to the socio-economic development within LDA;

Activities: Amend LDT Act; review and rearrange organizational structure of LDT; add an information management and documentation unit, environment management unit, a socio-economic development unit; consider forming a scientific advisory board; consider setting up a steering committee; develop and implement IMP cum EMS; strengthen LDT's authority; once the Integrated Management Plan has been finalized make it mandatory under the LDT Act[1]; set up Lumbini Planning and Development Board with the responsibility to maintain zoning and approving or rejecting proposed development projects[1];

1. Allas, M., personal communication received 30.08.2008
2. Weise, K., Lumbini, The Birthplace of Lord Buddha, Integrated Management Plan, Issues & Management Objectives, Kathmandu, August 2008

## The Fifth World Buddhist Summit in Japan

# A Meaningful Summit



● Harischandra Lal Singh

The Fifth Buddhist Summit held in Hyogo, Japan, from November 2 to 5, 2008, has come to an end with a hopeful message to all the peace-loving people of the world, not to speak of the Buddhists only. Much hope has been pinned on this summit as it was held "at a time when the world is passing through a crucial phase of history when moral and spiritual values are being eroded, and there is a serious threat to mankind due to hatred, animosity, and intolerance among nations."

In the keynote speech for the Fifth Buddhist Summit, Most. Ven. Dr. Kyuse Enshinjoh, President of the summit and also founder priest of Nenbutsushu Buddhist sect of Japan, said,

> "Now is the time when Buddhism is about to shine, revealing its true value. First, we ourselves must join our hands, overcoming barriers among different traditions, and revert to the original teachings of Lord Buddha. With pride and dignity, we must take the lead in propagating Buddhism, the splendid teachings of Lord Buddha, to the entire world."

This view of the President of the summit is reflective of the ambition as well as the aspiration of all the Buddhists. In spite of the growing popularity of Buddhism in the entire world, we, the Buddhists, feel that the ship of the Buddha Dharma is not sailing well. Dr. Kyuse Enshinjoh recalled his talk in April 1998 during the first Buddhist summit held in Kyoto with His Holiness Somdet Phra Nyanasamvara, Supreme Patriarch of Thailand, and His Holiness the 14th Dalai Lama of Tibet. This talk came to the conclusion that, for the decline of Buddhism, "the responsibility lies with the high priests."

Unlike other fields, religion is a very delicate as well as sensitive issue. Therefore, leadership and management play a very important role. It appears that the very argument that the high priests are responsible for the decline of Buddhism points out to the lack of adequate or proper leadership in the management of Buddhist affairs. If that is the case, it definitely calls for questioning or investigating by the chief executives of Buddhist monastic institutions as to whether things are going well.

Ven. Dr. Kyuse Enshinjoh "came to realize that the final reason why Buddhism had faded into a mere shadow of its former brilliance lies in the present state of Buddhism, divided into the three traditions of Theravada, Mahayana and Vajrayana Buddhism. Despite their common origin in the teachings of Lord Buddha, the followers of each tradition created barriers around themselves, never sharing the same table."

It is this division of Buddhism which led Most Venerable Bhikshu to work hard to bring together the three Buddhist traditions by reverting to the original teachings of Lord Buddha.

Inspiration to dedicate his life for the cause of Buddhism came from his own experience of the dance of deaths during the Second World War when the city of Hiroshima was destroyed claiming the lives of a large number of people on August 6, 1945. The idea of Most Ven. Enshinjoh was shared by delegates to the summit and other Buddhists who read the summit publications.

As per the summit conference programme and speeches published, the Fifth Buddhist Summit was held at the Grand Hall of Buddhism on November 2 and concluded on Nov. 5. Prior to this, the Royal Grand Hall of Buddhism was inaugurated on November 1. This was followed

by the ceremony of purifying the ground of Nalanda University, the same day. On Nov. 6, Nenbutsushu Hiroshima Betsuin Temple was inaugurated. The same day the World Peace Prayer was held in Hiroshima. The World Peace Prayer was held in Nagasaki on Nov. 7. Similarly, the Kyushu Reliquary Hall was opened in Nov. 8. With this, the Fifth Buddhist Summit has come to a full circle.

The conference was addressed by His Majesty Norodom Sihanouk, King Father of Cambodia, His Excellency Ban Ki-Moon, Secretary General of the United Nations, Buddhist leaders of 34 countries, 8 honourable guests, ambassadors of 12 countries.

Other features of the summit conference were conversational discussion sessions. Participants of these sessions from different Buddhist and emerging Buddhist countries expressed their views about the status of Buddhism in their respective countries, problems faced by them and solutions to the problems. The report about these discussions will really be useful to take stock of the status of Buddhism obtaining in various countries.

Supreme Buddhist leaders of over 30 countries, leaders of the world including Presidents, Prime Ministers, dignitaries from the United Nations, Buddhist academicians, intellectuals etc. have sent goodwill messages wishing a grand success to the summit conference. Nepalese Buddhist delegation was led by Ven. Jananapurnik, Chief Abbot of Vishwa Shanti Vihara

*Bhavatu Sabba Mangalam*

(I express my sincere thanks to Bhikshu Bodhijnana for providing me summit conference publications. – H.L. Singh)

# बौद्ध गतिविधि

आनन्दकुटी विहारमा बुद्ध पुजा सम्पन्न

कार्तिक २८,

कार्तिक पुर्णिमाको अवसरमा आनन्दकुटी विहारमा बुद्धपुजा,धर्मदेशना सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरले बुद्धपुजा तथा पञ्चशील प्रदान गर्नु भएको उक्त कार्यक्रममा भिक्षु धर्ममूर्तिबाट धर्मदेशना गर्नु भएको थियो ।

ज्ञानमाला भजन बाटसुरु भएको सो कार्यक्रममा दाता सानु महर्जन सपरिवारबाट जलपान तथा भोजन दान दिनु भएको थियो । साथै त्यस दिन तीन नयाँ कुल पुत्र निरोज राजवाहक (श्रा. दिपंकर), सुरज गुरुङ्ग(श्रा. श्री ञाण) तथा आकास घले (श्रा. काश्यप) रहेका छन् । नव श्रामणेरहरू बुद्धशिक्षा अध्ययनार्थ श्री लंका जाने कार्यक्रम रहेको छ ।

धर्मरत्न शाक्य त्रिशुली स्मृतिग्रन्थ प्रकाशित

मंसीर ७ गते ।

नेपाली थेरवादी बुद्धशासनमा त्रिपिटकका बहुमूल्य ग्रन्थहरु अनुवाद गरी प्रकाशित गर्नुभई सहयोग गर्नु हुने बौद्ध विद्वान धर्मरत्न शाक्य त्रिशुलीको स्मृतिग्रन्थ प्रकाशित भएको छ ।

जावलाखेलको स्टाफ कलेजमा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथी संघउपनायक भिक्षु अश्वघोष महास्थविर हुनहुन्थ्यो भने त्यस सभाको सभापति भिक्षु कुमारकाश्यप महास्थविर हुनुहुन्थ्यो । त्यस सभाको अन्य विशिष्ट अतिथिहरुमा नेपाल बौद्ध परियत्ति शिक्षाका सहशिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर, अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्री महास्थविर, ज्यापु महागुठीका अध्यक्ष विपिन्द्र महर्जन, सभासद भिक्षु आनन्द आदि हुनुहुन्थ्यो ।

धर्मरत्न शाक्य त्रिशुलीले पुस्तक अनुवाद बाहेक २९ वटा ज्ञानमाला भजन रचना गर्नुभएको छ भने उहाले सिद्धार्थको गृहत्याग लगायत ८ वटा भन्दा बढी नाटकहरु रचना गर्नुभएको छ भने चण्डालिका, अंगुलीमाल र निर्माणाधीन पटाचारा चलचित्र पनि उहाकै रचनमा आधारित चलचित्र हो भने उहा विभिन्न स्थानहरुमा बुद्ध प्रतिमा स्थापना गर्नुमा, धार्मिक एवम शैक्षिक क्षेत्रमा उहाले अविष्मरणीय भूमिका निभाउनु भएको छ । उहाको देहवसान २०६३ पौष २५ गते लुम्बिनीमा हृदयघातका कारण मृत्यु भएको थियो । ढिलै भए पनि उहा स्मृतिग्रन्थ प्रकाशित भएको छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरको उपसम्पदाको स्वर्ण दिवस मनाइने ।

मंसीर ८ गते ।



बुद्ध शासनम भिक्षु जीवन ग्रहण गरी आफ्नो जीवन समर्पित गर्नुभएको पचास बर्ष पुगेको उपलक्ष्यमा बौद्ध राष्ट्रहरु बर्मा, श्रीलंका र थाईल्याण्डका जेष्ठ भिक्षुहरुलाई निमन्त्रणा गरी ७ दिने त्रिपिटक सज्झायन कार्यक्रम गरिने लगायत विविध कार्यक्रम गरी धुमधामका साथ मनाउने भएको छ ।

त्यही कार्यक्रमसागै ५० जना कुलपुत्रहरुलाई नेपालमै पहिलो पटक उपसम्पदा दिक्षा दिने, शान्ति सन्देश पत्रिका प्रकाशित गर्ने, भिक्षु ज्ञानपूर्णिक महास्थविरको जीवनी प्रकाशित गर्ने, दोस्रो परियत्ति सन्निपात आयोजना गरिने, भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रतिमा अनावरण गर्ने, अभिनन्दन समारोह गर्ने, दीप प्रज्वलन गर्ने जस्ता विविध कार्यक्रम गरी मनाउने कुरा आयोजक तर्फबाट थाहा हुन आएको छ ।

भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुखतामा १०१ जनाको मूल समारोह समिति गठन गरिएको समेत आयोजकका तर्फबाट थाहा हुन आएको छ ।

धर्मदूत राष्ट्रिय सम्मेलन सम्पन्न

मंसिर १ गते ।

थेरवादी बौद्ध संघ संस्थाहरुको गतिविधि, आपसमा उनीहरुको समझदारी, अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ युवा बौद्ध समूहको आयोजना र श्रीकिर्ति विहारको प्रायोजनमा धर्मदूत राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

यही कार्तिक महिनाको ३० र १ गते गरी सम्पन्न सो कार्यक्रमको उद्घाटन अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरले गर्नुभएको थियो। युवा बौद्ध समूहका अध्यक्ष त्रिरत्न मानन्धर ले स्वागत गर्नुभएको सो कार्यक्रममा लुम्बिनी विकास कोषका अध्यक्ष डा.केशवमान शाक्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उक्त सत्रमै धर्मदूत स्मारिकाको पनि विमोचन गरिएको थियो। दोस्रो सत्रमा विभिन्न संघसंस्थाले आ आफ्नो संघसंस्थाको परिचय र गरिआएका काम कर्तव्यहरु बारेमा बोलेका थिए भने दोस्रो दिन कार्यक्रमका बारेमा विभिन्न समालोचना गरिएको थियो भने अन्तमा कार्यक्रमको निचोड र  धन्यवाद ज्ञापन भिक्षु चन्द्रकिर्तिले गर्नुभएको थियो ।

समग्रमा कार्यक्रम राम्रै भए तापनि निकै हतारमा गर को महशुस हुन्छ । नेपालमा पहिलो पटक गरे तापनि त्यत्ति तयारी गरिएको देखिएन। यद्यपि कार्यपत्र समेत निकै फितलो देखियो ।

कोटेश्वरमा नयाा विहार स्थापना

मंसिर १८ गते ।

उपासिका सानुमाया अवालेको दोस्रो वर्षको पुण्यतिथिलाई अवसर पारेर स्मारक कुण्ड नामक एक विहारको स्थापना गरिएको छ ।

भिक्षु यसधम्मोको प्रमुखतामा निर्माण भएको सो विहारको उद्घाटन भिक्षु ज्ञानपूर्णिक महास्थविरले गर्नुभएको हो । सो कार्यक्रमको सञ्चालन भिक्षु निग्रोधले गर्नु भएको हो र सो कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले नै धर्मदेशना गर्नुभएको थियो ।

हाँडिगाउँमा नयाँ विहारको शिलान्यास

आचार्य भिक्षु कुमारकाश्यप महास्थिविरको प्रमुख आतित्यमा तथा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री हिसिला यमिको विशित आतित्यमा का.म.न.पा. ५ हाँडिगाउँमा आनन्दभूमि नहर बुद्धविहार (विश्व शान्ति केन्द्र) नामक विहारको शिलान्यास कार्यक्रम सम्मपन्न भएको छ। सो विहार सभासद भिक्षु आनन्दको अध्यक्षयतामा निमार्ण हुन लागेको हो ।